# गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८१/८२)




गण्डकी प्रदेश

नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०८२ कात्तिक

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले तथ्यमा आधारित नीति निर्माणका लागि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नियमितरुपमा प्रकाशन गर्दै आएको छ । मुलुक संघीय संरचनामा गएपश्चात् प्रादेशिकरुपमा आर्थिक गतिविधि अध्ययन तथा विश्लेषण आवश्यक भएवमोजिम आर्थिक वर्ष २०७६/७७ देखि पोखरा कार्यालयले समेत गण्डकी प्रदेशको आर्थिक गतिविधि समेटी यस्तो प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

बैंकले गर्ने अध्ययन अनुसन्धानका लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायबाट आवश्यक तथ्याङ्क तथा विवरण संकलन/प्रशोधन गर्ने गर्दछ । नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले तर्जुमा गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंक, आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) मा आधारित भई गण्डकी प्रदेशका ११ जिल्ला (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मनाङ र मुस्ताङ) मा सम्पन्न सर्वेक्षणका आधारमा प्रतिवेदन तर्जुमा गरिएको छ ।

यस प्रदेश अन्तर्गतका सबै ११ जिल्लामा भएका कृषिबाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिँचाई, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ तथा वित्तीय सेवा र सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था र ती क्षेत्रहरूमा रहेका चुनौती तथा सम्भावनालाई समेटी आर्थिक वर्ष २०८१/८२ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

जिल्लास्थित विभिन्न सरकारी कार्यालय, सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा समग्र प्रदेशको आर्थिक अवस्था प्रस्तुत गरिएको छ । सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् स्थलगत अध्ययन समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा परिदृश्य उल्लेख गरिएको छ । यसका अतिरिक्त गण्डकी प्रदेशका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाको पछिल्लो प्रगति विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन गण्डकी प्रदेश सरकार लगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री रामकुमार कार्की, सहायक निर्देशक श्री दल बहादुर थापा, श्री ओम प्रकाश पोखेल र श्री अन्जना जोशी, प्रधान सहायक श्री ध्रुवप्रसाद पोखरेल र श्री राजेन्द्र लम्साल तथा सहायक श्री हिमा पाण्डेलाई धन्यवाद ज्ञापन गर्दछु ।

**केशव प्रसाद तिमल्सिना**

**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **प्राक्कथन** | | | **(क)** |
| **विषय सूची** | | | **(ख)** |
| **तालिका सूची** | | | **(घ)** |
| **चार्ट सूची** | | | **(ङ)** |
| **सारांश** | | | **(च)** |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१-२** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद-२** | **प्रदेशको तुलनात्मक स्थिति** | | **३-६** |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ३ |
| | २.३ | प्रादेशिक क्षमता, चुनौती र सम्भावना | ४ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **७-१७** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ | कृषि उत्पादन | ९ |
| | ३.३ | पशुपन्छी तथा माछा उत्पादन | १२ |
| | ३.४ | वनजन्य उत्पादन | १३ |
| | ३.५ | सिंचाई | १४ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १६ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १६ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **१८-२०** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १८ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १९ |
| | ४.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २० |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **२१-२९** |
| | ५.१ | पर्यटन | २१ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २२ |
| | ५.३ | वित्तीय सेवा | २२ |
| | ५.४ | यातायात तथा संचार | २५ |
| | ५.५ | स्वास्थ्य | २५ |
| | ५.६ | शिक्षा | २६ |
| | ५.७ | सेवा क्षेत्र कर्जा | २७ |

| | | | |
|---|---|---|---|
| | ५.८ | सहुलियतपूर्ण कर्जा | २७ |
| | ५.९ | सहकारी | २८ |
| | ५.१० | सेवा क्षेत्रका चुनौती र सम्भावना | २८ |
| **परिच्छेद-६** | **पूर्वाधार र रोजगारी** | | **३०-३३** |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३० |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३१ |
| | ६.३ | रोजगारी | ३२ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३२ |
| **परिच्छेद-७** | **प्रादेशिक कार्यक्रम तथा योजना** | | **३४-३७** |
| | ७.१ | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ३४ |
| | ७.२ | स्थानीय तहको बजेट तथा कार्यक्रम | ३६ |
| | ७.३ | व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम | ३६ |
| **परिच्छेद-८** | **आर्थिक परिदृश्य** | | **३८-३९** |
| | ८.१ | कृषि उत्पादन | ३८ |
| | ८.२ | औद्योगिक उत्पादन | ३८ |
| | ८.३ | सेवा क्षेत्र | ३९ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ३९ |

# तालिका सूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ३ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ९ |
| तालिका ३.३: कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.४: कृषि बालीको उत्पादन (जिल्लागत) | ११ |
| तालिका ३.५: प्रमुख पशुपन्छी तथा माछा उत्पादन | १२ |
| तालिका ३.६: प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत) | १२ |
| तालिका ३.७: वनजन्य उत्पादन | १३ |
| तालिका ३.८: काठको उत्पादन (जिल्लागत) | १४ |
| तालिका ३.९: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल | १५ |
| तालिका ३.१०: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल (जिल्लागत) | १५ |
| तालिका ३.११: क्षेत्रगत कृषि कर्जा | १६ |
| तालिका ४.१: औद्योगिक उत्पादन | १९ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | १९ |
| तालिका ५.१: पर्यटक आगमन | २१ |
| तालिका ५.२: हवाई सेवा | २२ |
| तालिका ५.३: सार्वजनिक निर्माण तथा रियलस्टेट | २२ |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति | २३ |
| तालिका ५.५: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २४ |
| तालिका ५.६: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | २४ |
| तालिका ५.७: विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरू | २५ |
| तालिका ५.८: गण्डकी प्रदेशमा यातायात सेवा | २५ |
| तालिका ५.९: गण्डकी प्रदेशमा स्वास्थ्य सेवा | २६ |
| तालिका ५.१०: गण्डकी प्रदेशमा शिक्षा सेवा | २६ |
| तालिका ५.११: क्षेत्रगत सेवा कर्जा | २७ |
| तालिका ५.१२: सहुलियतपूर्ण कर्जा | २८ |
| तालिका ५.१३: सहकारी सेवा | २८ |
| तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण | ३२ |
| तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति | ३४ |
| तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति | ३५ |

# चार्ट सूची


| शीर्षक | |
|---|---|
| चार्ट २.१: प्रादेशिक आर्थिक वृद्धिदर | ४ |
| चार्ट ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टर हजारमा) | ८ |
| चार्ट ३.२: प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे.टनमा) | १० |
| चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा) | १५ |
| चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुहरूको क्षमता उपयोग | १८ |
| चार्ट ५.१: निक्षेप तथा कर्जाको विवरण (रु. अर्बमा) | २३ |
| चार्ट ७.१: गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति | ३५ |

# सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ४.६१ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने अनुमान छ ।

३. आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ५.५१ प्रतिशत रहने अनुमान छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २७.८ प्रतिशत, १६.५ प्रतिशत र ५५.८ प्रतिशत रहने अनुमान छ ।

## कृषि क्षेत्र

४. समीक्षा वर्षमा गण्डकी प्रदेशका ११ जिल्लामा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिब १.११ प्रतिशतले ह्रास आई ४ लाख ३१ हजार ३८५ हेक्टर कायम भएको छ । तरकारी, फलफूल, मसला, चिया र कफी खेतीले ढाकेको क्षेत्रफल क्रमशः ०.३१ प्रतिशत, ६.३५ प्रतिशत, २.१३ प्रतिशत, १.०४ प्रतिशत र ४.६१ प्रतिशतले वृद्धि भएको छ भने खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा १.५५ प्रतिशतले कमी आएको छ ।

५. समीक्षा वर्षमा प्रमुख कृषि बालीको उत्पादनमा ४.८६ प्रतिशतले कमी आएको छ । खाद्य, नगदे तथा अन्य बाली र फलफूलको उत्पादनमा क्रमशः ९.०५ प्रतिशत र ०.४८ प्रतिशतले कमी आएको छ भने तरकारी, मसला, कफी र मह उत्पादनमा क्रमशः १०.९८ प्रतिशत, ५.२६ प्रतिशत, ४७.९५ प्रतिशत, ६९.६९ प्रतिशतले वृद्धि भएको छ ।

६. समीक्षा वर्षमा पशुजन्य उत्पादनतर्फ दुधको उत्पादन १.२५ प्रतिशत र माछाको उत्पादन ०.७४ प्रतिशतले ह्रास आएको छ भने मासु र अण्डाको उत्पादनमा क्रमशः १.३६ प्रतिशतले र ४.८५ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा ३१.३५ प्रतिशतले र दाउरा उत्पादनमा १३.६८ प्रतिशतले वृद्धि भएको छ ।

७. समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूले कृषि, वन र माछापालन क्षेत्रमा रु. २४ अर्ब ६ करोड कर्जा लगानी गरेका छन् । यो रकम यस प्रदेशमा प्रवाहित कुल कर्जाको ६.७४ प्रतिशत रहेको छ ।

## उद्योग क्षेत्र

८. समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगको औसत उत्पादन क्षमता उपयोग ३९.१९ प्रतिशत रहेको छ । गत आर्थिक वर्षमा यस्तो अनुपात ३९.२० प्रतिशत रहेको थियो ।

९. समीक्षा वर्षमा चाउचाउ, क्याप्सुल औषधी, बियर, चुरोट, प्रशोधित दुध, ड्राई सिरप औषधी र तोरीको तेलको उत्पादनमा वृद्धि भएको छ भने ईटा, ओइन्टमेन्ट औषधी, ट्याब्लेट औषधी, चकलेट, लिक्विड औषधी, बिस्कुट र सिमेण्टको उत्पादनमा कमी आएको छ ।

१०. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको ७.८२ प्रतिशत अर्थात् रु.२७ अर्ब ९१ करोड कर्जा औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन् ।

## सेवा क्षेत्र

११. समीक्षा वर्षमा गण्डकी प्रदेशमा विदेशी पर्यटक आगमनको संख्या २६ प्रतिशतले वृद्धि भई ६९ हजार ४ सय ९१ रहेको छ । त्यस्तै, होटलको शैया संख्या विक्री ३.८ प्रतिशतले वृद्धि भई ७५ हजार ४ सय १९ रहेको छ भने अकुपेन्सी ३१.८४ प्रतिशत रहेको छ जुन गत वर्ष ३१ प्रतिशत रहेको थियो । पछिल्लो समय आन्तरिक तथा बाह्य पयर्टनमा सुधार आएकोले सेवा क्षेत्रमा तदनुरुपको सकारात्मक प्रभाव देखिएको हो ।

१२. समीक्षा वर्षमा २५ हवाई कम्पनीमार्फत् १४ हजार १ सय ५८ पटक उडान भएको छ । हवाई कम्पनीको सिट उपयोग क्षमता ७९.१३ प्रतिशत रहेको छ । गत वर्ष हवाई कम्पनीको सिट उपयोग क्षमता ७७.८५ प्रतिशत रहेको थियो ।

१३. समीक्षा वर्षमा उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति उच्च रहनु, बसाईसराई, प्राविधिक तथा व्यवसायिक तालिमको व्यवस्था पर्याप्त मात्रामा हुन नसक्दा विश्वविद्यालयमा विद्यार्थीको संख्या ५.३१ प्रतिशत ह्रास देखिएको भएतापनि शिक्षकको संख्यामा भने १.३३ प्रतिशतले वृद्धि देखिएको छ । साथै, विद्यार्थी संख्यामा आएको कमीले गर्दा क्याम्पसहरु गाभिएका छन् जसले गर्दा क्याम्पसको संख्यामा ३.१३ प्रतिशतले कमी आएको छ ।

१४. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १४.६ प्रतिशतले वृद्धि भई रु.६ खर्ब १२ अर्ब २९ करोड पुगेको छ । कुल कर्जा प्रवाह २.३ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५६ अर्ब ९२ करोड पुगेको छ । पर्यटन क्षेत्रमा प्रवाहित कर्जा रकम गत वर्षभन्दा ०.५६ प्रतिशतले वृद्धि भई रु २३ अर्ब ८९ करोड पुगेको छ ।

## पूर्वाधार र रोजगारी

१५. राष्ट्रिय गौरवका आयोजनाहरुमध्ये कालीगण्डकी करिडोर अन्तर्गतको मालढुङ्गा-राम्दी-गैडाकोट खण्डको भौतिक प्रगति करिब ८० प्रतिशत र बेनी-जोमसोम खण्डको भौतिक प्रगति करिब ८७ प्रतिशत रहेको छ । मध्यपहाडी लोकमार्ग अन्तर्गत गोरखा-लमजुङ खण्डको भौतिक प्रगति ७७ प्रतिशत र कास्की-पर्वत-बाग्लुङ खण्डको भौतिक प्रगति ८२ प्रतिशत रहेको छ । तनहुँ जलविद्युत आयोजना तथा बुढिगण्डकी जलविद्युत आयोजनाको भौतिक प्रगति क्रमशः ६७ प्रतिशत र १६.५५ प्रतिशत रहेको छ ।

१६. यस प्रदेशका ५९ स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । उक्त कार्यक्रम सञ्चालित ७ सय ८९ आयोजना मार्फत् कुल ४ सय ४५ व्यक्तिले औसतमा ४८ दिन रोजगारी पाएका छन् ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी नियमित रुपमा प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यसै क्रममा कृषि, उद्योग, सेवा तथा पुर्वाधार लगायतका क्षेत्रमा भएका आर्थिक गतिविधिलाई समेटी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित रही प्रादेशिकरुपमा अर्ध-वार्षिक तथा वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ ।

देशमा संघीयता कार्यान्वयनमा आएपश्चात् आर्थिक वर्ष २०७६/७७ देखि नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । गण्डकी प्रदेशका कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) गरी ११ जिल्लाहरूको कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

"गण्डकी प्रदेशको आर्थिक वर्ष २०८१/८२ को आर्थिक गतिविधि अध्ययन प्रतिवेदन" २०८१ साउनदेखि २०८२ असार मसान्तसम्मको आर्थिक तथ्याङ्कका आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशका ११ वटै जिल्लाहरू समावेश गरी समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्र सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) अनुसार यस प्रदेशका सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायमा गरिएको स्थलगत सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्क तथा सूचनाहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । अधिकांश तथ्याङ्क तथा सूचनाहरू प्रदेशमा रहेका ११ जिल्लाका सम्बन्धित कार्यालयको स्थलगत भ्रमण, टेलिफोन अर्न्तवार्ता तथा इमेल मार्फत् सङ्कलन गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट सङ्कलन गरिएको छ । उल्लेखित निकायबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू सङ्कलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत् लिइएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ वटा उद्योगको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा लगायतका तथ्याङ्क आर्थिक अनुसन्धान विभाग मार्फत् प्राप्त गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । शिक्षासँग सम्बन्धित तथ्याङ्क जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई तथा विभिन्न क्याम्पसबाट सङ्कलन गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाबाट लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत् सङ्कलन गरिएको छ । यातायाततर्फ, सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न प्रदेशका १० वटा बचत तथा ऋण सहकारी संस्थाको नमुना छनौट गरी विवरण सङ्कलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयबाट लिइएको छ भने प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना सम्बन्धी विवरण गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयवाट लिइएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमा देहाय वमोजिम रहेका छन ।

१. प्रदेशका तथ्याङ्क प्रदायक निकायवाट प्राप्त तथ्याङ्कमा आधारित भएर प्रतिवेदन तयार गरिएको छ ।

२. यस प्रदेशमा रहेका उद्योग, होटल र सहकारीमध्ये नमुना छनौटमा परेका १४ उद्योग, १० होटल र १० सहकारीको तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन तयार गरिएको छ ।

३. यस प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहको मात्र बजेट एवम् कार्यक्रम समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा प्रकाशित आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण तथा कुल गार्हस्थ्य उत्पादनको अन्तर प्रदेश तुलना गरिएको छ । साथै, कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा, प्रदेशको जनसाङ्ख्यिक विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि समावेश गरिएको छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ४.६१ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्धितीय र सेवा क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने अनुमान छ । त्यसैगरी, प्रतिव्यक्ति आम्दानी (Per Capita GDP) १५१७ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) रु.५ खर्ब ४८ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ । त्यसैगरी, चालु आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ता मूल्यमा ५.५१ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आर्थिक वर्ष यस्तो वृद्धिदर ४.०९ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.५२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१९ प्रतिशत) रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.९८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

**तालिका २.१**
**प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)**
**(आ.व २०८१/८२)**


| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बाग्मती | **गण्डकी** | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | **राष्ट्रिय** |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९७१ | ८०४ | २२३० | **५४८** | ८६९ | २५६ | ४३० | **६१०७** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९ | १३.१६ | ३६.५२ | **८.९८** | १४.२३ | ४.१९ | ७.०३ | **१००** |
| आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) (प्रतिशत) | ३.३४ | ४.५० | ५.१८ | **५.५१** | ४.७० | ४.७४ | ३.३२ | **४.६१** |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १४०१ | ९३२ | २६०२ | **१६१९** | १२०१ | १०८९ | ११५३ | **१४९६** |
| कुल गार्हस्थ्य उत्पादनमा **प्राथमिक** क्षेत्रको हिस्सा(प्रतिशत) | ३४.४ | ३६.९ | १२.४ | **२७.८** | ३१.५ | ३१.७ | ३५.० | **२५.६** |
| कुल गार्हस्थ्य उत्पादनमा **द्वितीय** क्षेत्रको हिस्सा (प्रतिशत) | १५.७ | १०.५ | १०.५ | **१६.५** | १३.४ | ९.४ | १२.३ | **१२.४** |
| कुल गार्हस्थ्य उत्पादनमा **तृतीय** क्षेत्रको हिस्सा (प्रतिशत) | ४९.९ | ५२.६ | ७७.१ | **५५.८** | ५५.१ | ५८.९ | ५२.७ | **६२.०** |

*स्रोतः संशोधित अनुमान, राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८२ ।*

त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) सबैभन्दा बढी (५.५१ प्रतिशत) र सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम (३.३२ प्रतिशत) हुने प्रारम्भिक अनुमान

रहेको छ । आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश प्रथम स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाँचौं स्थानमा रहेको छ ।

**चार्ट २.१**
**प्रादेशिक आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा)**




*स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय ।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक चुनौती

१. गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाबाट बसाइ/सराई हुने क्रममा तीव्रता आएकाले ती क्षेत्रमा जनसंख्या संकुचन हुँदै गएको अवस्थामा कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ सम्बन्ध (Backward-Forward Linkage) स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नु चुनौतीपूर्ण छ ।

२. कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको सुरुवात गर्नुका साथै, बजारीकरणको समस्या, बजारीकरणमा बहुतहको बाहुल्यता, कृषि क्षेत्रमा परम्परागत खेती प्रणालीकै निरन्तरता, निर्वाहमुखी कृषि प्रणाली, गुणस्तरीय बिउ, मल र उपकरणको अभाव, कृषि विमा व्यवस्थालाई प्रभावकारी गराउनु, युवा जनशक्ति विदेश पलायन भई कृषि क्षेत्रमा श्रम अभाव हुनु लगायतका चुनौती छन् ।

४. पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजना समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीका रुपमा रहेका छन् । औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ ।

५. ग्रामीण क्षेत्रका सम्भाव्य स्थानलाई आर्थिक केन्द्रकोरुपमा विकास गरी ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने अनियन्त्रित बसाईसराई रोक्ने तथा भौगोलिक, वित्तीय र वातावरणीय हिसावले सम्भावना नदेखिएका वस्तीको व्यवस्थापन कार्य चुनौतीको रुपमा रहेको छ ।

६. पोखरा अन्तर्रारिष्ट्रय विमानस्थल सञ्चालनमा आइसक्दा समेत पोखरा आउने पर्यटकको लागि विदेशबाट सिधा हवाईरुट सञ्चालन हुन नसक्दा पर्यटक सेवा विस्तारमा चुनौती रहेको छ ।

## २.३.२ प्रादेशिक क्षमता र सम्भावना

१. यस प्रदेशको मुख्य सम्भावना रहेको क्षेत्र पर्यटन हो । विश्वका १४ उच्च हिमशिखरमध्ये ३ वटा धौलागिरी (८१६७ मि.), मनास्लु (८१६३ मि.) र अन्नपूर्ण प्रथम (८०९१ मि.) गण्डकी प्रदेशमा अवस्थित छन् । बिश्वको सर्वोच्च उचाइमा रहेको तिलिचो ताल (४९१९ मि.) तथा अन्नपूर्ण, धौलागिरी र मनास्लु सर्किट ट्रेकले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विकास गर्न सकिने देखिएको छ । साथै, मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका लगायतका धार्मिक पर्यटकीय स्थलको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिन्छ ।

२. मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको लागि आन्तरिक तथा बाह्य बजारको विस्तार गर्न सकिने देखिएको छ । कालीगण्डकी करिडोर सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले पर्यटन तथा व्यापार वृद्धि हुने तथा आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने देखिन्छ । आर्थिक वर्ष २०८२/८३ को शुरुदेखिनै मुस्ताङको कोरोला नाकाबाट आयात शुरु भइसकेको छ । यसले चीनसँग जोड्ने बैकल्पिक स्थलमार्गकोरुपमा सञ्चालन भई आयात निर्यातमा थप सहजिकरण भएको छ । त्यस्तै, पृथ्वीराजमार्ग अन्तरगत मुग्लिङ-पोखरा खण्डको विस्तार कार्यसमेत ९० प्रतिशत सम्पन्न भइसकेको हुँदा आगामी दिनमा स्थलमार्गबाट हुने पर्यटक आगमन र ढुवानीमा सहजीकरण भई व्यापार र पर्यटनको विकासमा थप टेवा पुग्ने सम्भावना देखिएको छ ।

३. गण्डकी प्रदेशमा प्राविधिक र आर्थिकरुपले १२,९३० मेगावाट जलविद्युत उत्पादन क्षमता रहेकोमा आ.व. २०८१/८२ को अन्त्यसम्ममा (जडित) जलविद्युत उत्पादन क्षमता १०१६.१९ मेगावाट भएको प्रारम्भिक अनुमान रहेकाले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । गण्डकी प्रदेश सरकार, प्रदेश आर्थिक सर्वेक्षण, २०८१ अनुसार उच्च हिमाली तथा पहाडी जिल्लामा सौर्य र वायु ऊर्जा उत्पादनको सम्भावना रहेको छ । ऊर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत परियोजना, सौर्य र वायु ऊर्जा परियोजना विकास गरी विद्युत उत्पादन बढाउन सकिने देखिन्छ ।

४. कृषितर्फ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमको प्रभावकारितामा विस्तार र ब्राण्डिङ्ग तथा बजारीकरणको व्यवस्था हुन सकेमा मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफीजस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा कृषकलाई आकर्षित गर्न सक्ने सम्भावना देखिन्छ ।

५. पर्यटनमा अग्र स्थान रहेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रको आवद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा पहुँच, कृषि बिमा र नयाँ प्रविधिको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय-आर्जन र रोजगारी सिर्जनामा योगदान पुग्ने देखिन्छ ।

६. गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ । पछिल्लो समयमा व्यवसायिकरुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकको आकर्षण बढ्दै गइरहेको छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को तराई र मध्यभागका टारमा तरकारी

तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार हुँदै गएको छ । यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना छ ।

७. यस प्रदेशमा विदेशबाट फर्किएका युवाको सीप, ज्ञान, पूँजी तथा उन्नत प्रविधि सहित कृषि क्षेत्रमा आकर्षण बढ्दै गएकोले कृषि क्षेत्रमा थप उत्पादकत्व र उत्पादन बढ्ने सम्भावना रहेको देखिन्छ ।

८. मध्यपहाडी लोकमार्गको छेउछाउका स्थानमा बजार विस्तार गरी स्थानीय उत्पादनको बजारीकरण गर्न र होटल रेष्टरेन्ट लगायतका व्यापार व्यवसाय विस्तार गरी उत्पादन प्रोत्साहन गर्न र रोजगारी सिर्जना गर्न सकिने सम्भावना छ ।

# परिच्छेद ३

# कृषि क्षेत्र

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमध्ये प्राथमिक वा कृषि क्षेत्रको योगदान २७.८ प्रतिशत द्वितीय वा उद्योग क्षेत्रको योगदान १६.५ प्रतिशत र तृतीय वा सेवा क्षेत्रको योगदान ५५.८ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा औद्योगिक वर्गीकरण अनुसार गण्डकी प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी अर्थात् २७.१ प्रतिशत रहने अनुमान गरिएको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको प्रदेशगत र जिल्लागत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिँचाई अवस्था; कृषि कर्जा एवम् कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### ३.१.१ प्रदेशगत स्थिति

पछिल्ला वर्षहरूमा गण्डकी प्रदेशमा कृषि भुभागको क्षेत्रफल निरन्तर घट्दै गएको छ । उच्च हिमाली र पहाडी भेगबाट शहरी क्षेत्रमा बसाई-सराईको निरन्तरता र वैदेशिक रोजगारीको प्रभावले कृषि कार्यमा प्राथमिकता कम हुँदै गएकाले खेतियोग्य जग्गा-जमिन बाँझो रहने कारण कृषि भूमिको क्षेत्रफल घट्दै गएको देखिएको छ । आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव १.११ प्रतिशतले ह्रास आई ४ लाख ३१ हजार ३८५ हेक्टर रहेको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल ८.०९ प्रतिशतले घटेको थियो । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८८.७९ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ५.६६ प्रतिशत तरकारी, ३.७३ प्रतिशत फलफूल तथा १.६३ प्रतिशत मसला र ०.१९ प्रतिशत भू-भागमा चिया तथा कफी लगाइएको छ ।

**तालिका : ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

(हेक्टरमा)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ (साउन-असार) | हिस्सा (प्रतिशत) | आ.व. २०८१/८२ (साउन-असार) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | ३८९०४४.३७ | ८९.१९ | ३८३००५.५० | ८८.७९ | -१.५५ |
| तरकारी | २४३३२.५५ | ५.५८ | २४४०९.११ | ५.६६ | ०.३१ |
| फलफूल | १५१२६.८२ | ३.४७ | १६०८७.४८ | ३.७३ | ६.३५ |
| मसला | ६८९२.७८ | १.५८ | ७०३९.२९ | १.६३ | २.१३ |
| चिया | ९६.०० | ०.०२ | ९७.०० | ०.०२ | १.०४ |
| कफी | ७१३.८० | ०.१६ | ७४६.७० | ०.१७ | ४.६१ |
| **जम्मा** | **४३६२०६.३२** | **१००.००** | **४३१३८५.०८** | **१००.००** | **-१.११** |


*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र ।*

### क) खाद्य, नगदे तथा अन्य बाली

समीक्षा बर्षमा गण्डकी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा १.५५ प्रतिशतले ह्रास आई ३ लाख ८३ हजार ५ हेक्टर रहेको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल ८.८५ प्रतिशतले घटेको थियो । बसाईसराई तथा बैदेशिक रोजगारको कारणले जनशक्तिको अभावमा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा प्रत्येक वर्ष कमी हुदै गएको देखिन्छ । समीक्षा वर्षमा फापर, आलु, तेलहन, गहुँ र भटमासका क्षेत्रफलमा क्रमशः ६.६१ प्रतिशत, ३.२४ प्रतिशत, १०.८६ प्रतिशत, ०.४८ प्रतिशत र ०.१६ प्रतिशतले वृद्धि भएको देखिएतापनि धेरै क्षेत्रफलमा खेती गर्ने गरिएको धान, मकै र

कोदोको क्षेत्रफलमा क्रमशः ३.८९ प्रतिशत, ०.७६ प्रतिशत र २.५३ प्रतिशतले ह्रास भएको छ। जौं, उखु र दलहनको क्षेत्रफलमा क्रमशः १६.४५ प्रतिशत, १३.९३ प्रतिशत र ६.१३ प्रतिशतले ह्रास भएको छ। खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३४.०९ प्रतिशत भु-भागमा मकै, २५.५८ प्रतिशत भु-भागमा धान र १७.९९ प्रतिशत भु-भागमा कोदो खेती रहेको छ।

**चार्ट ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (हजार हेक्टरमा)**




*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र।*

### (ख) तरकारी

समीक्षा वर्षमा तरकारीले ढाकेको क्षेत्रफलमा ०.३१ प्रतिशतले वृद्धि भई २४ हजार ४ सय ९ हेक्टर रहेको छ। अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा २.०७ प्रतिशतले वृद्धि भएको थियो।

### (ग) फलफूल

समीक्षा वर्षमा फलफूलले ढाकेको क्षेत्रफलमा ६.३५ प्रतिशतले वृद्धि भई १६ हजार ८७ हेक्टर भएको छ। अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा ८.२३ प्रतिशतले वृद्धि भएको थियो। फलफूलमध्ये सुन्तला, स्याउ र अन्य फलफूलको क्षेत्रफलमा वृद्धि भएको छ भने आँप तथा केराको क्षेत्रफलमा ह्रास आएको छ।

### (घ) मसलाजन्य बाली

समीक्षा वर्षमा मसला बालीले ढाकेको क्षेत्रफल २.१३ प्रतिशतले वृद्धि भई ७ हजार ३९ हेक्टर पुगेको छ। अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा १.०६ प्रतिशतले वृद्धि भएको थियो।

### (ङ) चिया तथा कफी खेती

समीक्षा वर्षमा चिया तथा कफीले ढाकेको क्षेत्रफलमा क्रमशः १.०४ प्रतिशत र ४.६१ प्रतिशतले वृद्धि भएको छ। स्याङ्जा र कास्की जिल्लामा भएको व्यापक चिया र कफीको वृद्धिले समग्र प्रदेशको चिया खेतीले ढाकेको क्षेत्रफलमा वृद्धि देखिएको छ।

## ३.१.२ जिल्लागत स्थिति

कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी (१३.५७ प्रतिशत) गोरखा जिल्लामा रहेको छ भने सबैभन्दा कम मुस्ताङ (०.२५ प्रतिशत) जिल्लामा रहेको छ। तरकारी खेती भएको कुल क्षेत्रफल मध्ये करिब ७४ प्रतिशत भुभाग कास्की, तनहुँ, स्याङ्जा, लमजुङ, र बाग्लुङ जिल्लामा मात्रै रहेको छ। फलफुल खेती भएको कुल क्षेत्रफल मध्ये करिब ६१ प्रतिशत भुभाग स्याङ्जा, गोरखा, तनहुँ र बाग्लुङ जिल्लामा रहेको छ भने मसला खेतीमा कुल क्षेत्रफलको करिब ८४ प्रतिशत भुभाग लमजुङ, कास्की, नवलपरासी (पूर्व), तनहुँ र स्याङ्जा जिल्लामा रहेको पाइन्छ।

**तालिका : ३.२ कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) |
| गोरखा | ५१,९७४.०० | १३.५७ | १,९०८.०० | ७.८२ | २,०१४.०० | १२.५२ | १७२.०० | २.४ |
| मनाङ | १,३४५.०० | ०.३५ | ११६.५० | ०.४८ | १९४.०० | १.२१ | १६.०० | ०.२ |
| मुस्ताङ | ९५५.५० | ०.२५ | ७४.५० | ०.३१ | ९४०.१९ | ५.८४ | २८.२५ | ०.४ |
| म्याग्दी | २१,३९३.०० | ५.५९ | १,२३६.४० | ५.०७ | १,१९८.०० | ७.४५ | १०५.०० | १.५ |
| कास्की | ४९,२७०.०० | १२.८६ | ५,२९५.०० | २१.६९ | १,४२१.०० | ८.८३ | १,२४३.५० | १७.७ |
| लमजुङ | ३६,७१७.०० | ९.५९ | २,३१५.०० | ९.४८ | ६१३.२९ | ३.८१ | १,५१२.०० | २१.५ |
| तनहुँ | ४८,१५७.०० | १२.५७ | ४,२२२.७१ | १७.३० | १,८५१.०० | ११.५१ | १,०३९.०० | १४.८ |
| नवलपरासी (पूर्व) | ४२,११७.०० | ११.०० | २,१२४.०० | ८.७० | ७४७.०० | ४.६४ | १,१४२.५४ | १६.२ |
| स्याङ्जा | ५१,८५०.०० | १३.५४ | ३,११९.०० | १२.७८ | ४,४३४.०० | २७.५६ | ९७०.०० | १३.८ |
| पर्वत | ३४,१४३.०० | ८.९१ | ९९८.०० | ४.०९ | १,२००.०० | ७.४६ | २१२.०० | ३.० |
| बाग्लुङ | ४५,०८४.०० | ११.७७ | ३,०००.०० | १२.२९ | १,४७५.०० | ९.१७ | ५९९.०० | ८.५ |
| **जम्मा** | **३८३,००५.५०** | **१००.००** | **२४,४०९.११** | **१००.००** | **१६,०८७.४८** | **१००.००** | **७,०३९.२९** | **१००.०** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र ।*

## ३.२ कृषि उत्पादन

### ३.२.१ प्रदेशगत स्थिति

समीक्षा वर्षमा प्रमुख कृषि बालीहरूको उत्पादनमा ४.८६ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन ४.६७ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका : ३.३ कृषि बालीको उत्पादन**

(मेट्रिक टन)


| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ (साउन-असार) | हिस्सा (प्रतिशत) | आ.व. २०८१/८२ (साउन-असार) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | १४८१५२६.७८ | ७५.२५ | १३४७५०४.७५ | ७१.९४ | -९.०५ |
| तरकारी | ३२१८५९.५४ | १६.३५ | ३५७१९३.०४ | १९.०७ | १०.९८ |
| फलफूल | १०३९६१.४२ | ५.२८ | १०३४६६.७५ | ५.५२ | -०.४८ |
| मसला | ६०७७५.४१ | ३.०९ | ६३९६९.८९ | ३.४२ | ५.२६ |
| चिया | १११.५५ | ०.०१ | १११.५५ | ०.०१ | ०.०० |
| कफी | ११७.७७ | ०.०१ | १७४.२४ | ०.०१ | ४७.९५ |
| मह | ३४५.२५ | ०.०२ | ५८५.८५ | ०.०३ | ६९.६९ |
| **जम्मा** | **१९६८६९७.७२** | **१००.००** | **१८७३००६.०७** | **१००.००** | **-४.८६** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### (क) खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा ९.०५ प्रतिशतले ह्रास आएको छ । यस अवधिमा धान, मकै, गहुँ, कोदो, जौ, फापर, उखु र दलहनको उत्पादनमा क्रमशः ३.२२ प्रतिशत, १६.२३ प्रतिशत, २०.११ प्रतिशत, २७.८४ प्रतिशत, २८.७५ प्रतिशत, ४४.३६ प्रतिशत, २२.२९ प्रतिशत र ५.५३ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी आलु, भटमास र तेलहनको उत्पादनमा क्रमशः २.४४ प्रतिशत, ०.४५ प्रतिशत, र ११.६२ प्रतिशतल वृद्धि भएको छ । गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको कुल उत्पादन मध्ये मकैको अंश २८.०९ प्रतिशत, धानको अंश २८.१३ प्रतिशत र आलु उत्पादनको अंश २८.३६ प्रतिशत रहेको छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीहरूको उत्पादन** (हजार मे. टनमा)




*स्रोतः  अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र ।*

### (ख) तरकारी

समीक्षा वर्ष २०८१/८२ मा तरकारीको उत्पादन १०.९८ प्रतिशतले वृद्धि भई ३ लाख ५७ हजार १ सय ९३ मेट्रिक टन उत्पादन भएको छ । उक्त उत्पादन गत आर्थिक वर्षमा ५.४४ प्रतिशतले वृद्धि भएको थियो ।

### (ग) फलफूल

समीक्षा वर्षमा फलफूलको उत्पादनमा ०.४८ प्रतिशतले कमी भई १ लाख ३ हजार ४ सय ६६ मेट्रिक टन उत्पादन भएको छ । यसमध्ये सुन्तला, आँप, र स्याउको उत्पादन क्रमश ७.९० प्रतिशत, ३.९७ प्रतिशत र १६.५८ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा फलफूलको उत्पादनमा ३.८० प्रतिशतले वृद्धि भएको थियो ।

### (घ) मसला

समीक्षा वर्षमा मसलाजन्य बालीको उत्पादनमा ५.२६ प्रतिशतले वृद्धि भई ६३ हजार ९ सय ६९ मेट्रिक टन उत्पादन भएको छ । गत वर्ष मसलाजन्य बालीको उत्पादनमा ४.५२ प्रतिशतले वृद्धि भएको थियो ।

**बक्स १: श्री पित्लेक कालिका कृषि फार्म**



यो फार्म गण्डकी प्रदेशको स्याङ्जा जिल्ला वालिङ नगरपालिका-५,पित्लेकमा सञ्चालनमा रहेको छ । गण्डकी प्रदेशको कृषि व्यवसायलाई प्रर्वद्धन गर्दै राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको योगदानमा वृद्धि गर्ने, कृषि व्यवसायप्रति आकर्षण बढाउने र थप रोजगारी सृजना गर्ने अभिप्रायले स्थानीय हुमनाथ लामिछानेबाट २०७५/०२/०८ मा घरेलु तथा साना उद्योगमा दर्ता भई (दर्ता नं ११७/०७४/७५) यो फार्म सञ्चालनमा आएको छ ।
कृषि ज्ञान केन्द्र, स्याङ्जाबाट प्रदान भएको उत्कृष्ट कृषक पुरस्कारबाट समेत सम्मानित उक्त फार्म आफ्नै जग्गामा रु. १० लाख लगानी गरी पारिवारिक व्यवसायको रुपमा शुरु गरिएको हो । फार्ममा हाल रु.५० लाख लगानी भैसकेको छ । शुरुमा ५ रोपनी क्षेत्रफलमा ३० वटा सुन्तलाको बोट र १.५ रोपनी क्षेत्रफलमा तरकारी खेतीबाट सञ्चालन गरिएको फार्म हाल ३६ रोपनी क्षेत्रफलमा विस्तार भएको छ भने ५५० बोट सुन्तला, ५०० बोट कफी, २० घार मौरी र ९ वटा स्थायी टनेलमा तरकारी खेती गरिएको छ । वार्षिक रु.१५ लाख बरबरको उत्पादन विक्री गर्दै आएको यस फार्मको बजार स्याङ्जा, बुटवल र पोखरा रहेको छ । यो फार्ममा हाल ८ जनाले नियमित रोजगारी पाएका छन् । आगामी दिनमा लगानी बृद्धि गरी रु. ३० लाख पुऱ्याउने, ७५० बोट सुन्तला, १००० बोट कफी, ५० घार मौरी र १५ टनेलमा तरकारी उत्पादन गरी थप रोजगारी सिर्जना र वार्षिक रु.३० लाख बराबरको उत्पादन विक्री गर्ने लक्ष्य रहेको छ ।

## ३.२.२ जिल्लागत स्थिति

समीक्षा वर्षमा गण्डकी प्रदेशमा कृषि उत्पादनको जिल्लागत विश्लेषण गर्दा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी नवलपरासी (पूर्व) जिल्लामा १३.९ प्रतिशत उत्पादन भएको छ भने सबैभन्दा कम मुस्ताङ जिल्लामा ०.७ प्रतिशत उत्पादन भएको छ । कुल तरकारी उत्पादनमध्ये सबैभन्दा बढी कास्की जिल्लामा २१.१ प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लामा ०.२ प्रतिशत उत्पादन भएको छ । कुल फलफूल खेतीमध्ये सबैभन्दा बढी उत्पादन स्याङ्जा जिल्लामा २८.१ प्रतिशत र सबैभन्दा कम उत्पादन मनाङ जिल्लामा १.२ प्रतिशत उत्पादन भएको छ । कूल मसला उत्पादनमध्ये कास्की जिल्लामा सबैभन्दा बढी २१.५ प्रतिशत र मनाङ जिल्लामा सबैभन्दा कम ०.१ प्रतिशत उत्पादन भएको देखिन्छ ।

**तालिका: ३.४ कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | १६२,४३८.०० | १२.१ | ४८,४२३.० | १३.६ | १५,७१०.० | १५.२ | १,८४५.० | २.९ |
| मनाङ | १०,१८८.७० | ०.८ | ८९१.० | ०.२ | १,२३८.० | १.२ | ७५.० | ०.१ |
| मुस्ताङ | ९,५६२.०० | ०.७ | १,०००.० | ०.३ | ६,०७८.८ | ५.९ | २४५.० | ०.४ |
| म्याग्दी | ८८,६२१.५० | ६.६ | १४,९९६.० | ४.२ | ६,३८९.३ | ६.२ | १,५४४.२ | २.४ |
| कास्की | १६८,०८५.२२ | १२.५ | ७५,५४०.० | २१.१ | ७,८९८.२ | ७.६ | १३,७५०.७ | २१.५ |
| लमजुङ | ११३,९३९.०० | ८.५ | ३५,९९२.० | १०.१ | १,६८३.० | १.६ | ५,७०१.० | ८.९ |
| तनहुँ | १६६,४७६.०२ | १२.४ | ४५,८४५.० | १२.८ | १५,९९९.० | १५.५ | १०,८४३.५ | १७.० |
| नवलपरासी (पूर्व) | १८७,६८४.०० | १३.९ | २८,२९२.० | ७.९ | ९,१०१.० | ८.८ | १२,६०८.० | १९.७ |
| स्याङ्जा | १७२,८०५.०० | १२.८ | ४५,१६४.० | १२.६ | २९,१००.० | २८.१ | ९,९४२.० | १५.५ |
| पर्वत | ९९,९३३.०० | ७.४ | १६,०५०.० | ४.५ | ५,६५६.० | ५.५ | १,२७४.० | २.० |
| बाग्लुङ | १६७,७७२.३१ | १२.५ | ४५,०००.० | १२.६ | ४,६१३.५ | ४.५ | ६,१४१.५ | ९.६ |
| **जम्मा** | **१,३४७,५०४.७५** | **१००** | **३५७,१९३.०४** | **१००** | **१०३,४६६.७५** | **१००.०** | **६३,९६९.८९** | **१००** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र ।*

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

### ३.३.१ प्रदेशगत स्थिति

आर्थिक वर्ष २०८१/८२ मा दुध र माछाको उत्पादनमा क्रमश १.२५ प्रतिशत र ०.७४ प्रतिशतले कमी आएको छ भने मासु र अण्डामा क्रमश १.३६ प्रतिशत र ४.८५ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा प्रदेशका दुग्ध उत्पादनका प्रमुख जिल्लाहरू कास्की, लमजुङ, पर्वत, म्याग्दी र नवलपुरमा दुग्ध उत्पादन क्रमश घट्दै गएको कारणले समग्र प्रदेशमा नै दुग्ध उत्पादन घट्न गएको छ । समीक्षा अवधिमा नवलपुर जिल्लामा भएको मासुको वृद्धिले समग्र गण्डकी प्रदेशको वृद्धिमा नै सकारात्मक असर पार्दै मासुको वृद्धि १.३६ प्रतिशत पुगेको छ । समीक्षा अवधिमा गोरखा जिल्लामा भएको अण्डा वृद्धिले समग्र गण्डकी प्रदेशको वृद्धिमा नै सकारात्मक असर पार्दै अण्डाको वृद्धि ४.८५ प्रतिशत पुगेको छ।

**तालिकाः ३.५ प्रमुख पशुपन्छी तथा माछा उत्पादन**

| उत्पादन | २०८०/८१ | २०८१/८२ | बृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लिटर) | २६०४२६.५६ | २५७१६८.४५ | -१.२५ |
| मासु (मेट्रिक टन) | ५४६०५.८६ | ५५३४६.०८ | १.३६ |
| अण्डा (हजार गोटा) | २४१२७३.१२ | २५२९५७.६१ | ४.८५ |
| माछापालन (मेट्रिक टन) | १६२९.३८ | १६१७.३७ | -०.७४ |

*स्रोतः पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

### ३.३.२ जिल्लागत स्थिति

दुध उत्पादन सबैभन्दा बढी कास्की जिल्लामा २१.०५ प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लामा ०.११ प्रतिशत उत्पादन भएको छ । मासु उत्पादन सबैभन्दा बढी कास्की जिल्लामा क्रमशः ४६.७० प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लामा ०.०७ प्रतिशत भएको देखिन्छ । अण्डा उत्पादन सबैभन्दा बढी नवलपरासी पूर्वी जिल्लामा २६.७८ प्रतिशत भएको देखिन्छ र सबैभन्दा कम मनाङ जिल्लामा ०.०३ प्रतिशत भएको देखिन्छ । कुल माछा उत्पादनमा भने नवलपरासी (पूर्व) जिल्लामा ५६.०२ प्रतिशत उत्पादन भएको देखिन्छ भने सबैभन्दा कम मुस्ताङ जिल्लामा ०.०४ प्रतिशत भएको देखिन्छ ।

**तालिका : ३.६ प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | दुध | | मासु | | अण्डा | | माछापालन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार लिटर) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | २७७६९.०० | १०.८० | ६९५४.०० | १२.५६ | २०९३२.०० | ८.२७ | २०१.०० | १२.४३ |
| मनाङ | २७७.०० | ०.११ | ३९.०० | ०.०७ | ७४.०० | ०.०३ | १.०० | ०.०६ |
| मुस्ताङ | ९६९.१७ | ०.३८ | ४३५.६८ | ०.७९ | ४५७.०० | ०.१८ | ०.६५ | ०.०४ |
| म्याग्दी | ४९९१.२० | १.९४ | १८४०.९० | ३.३३ | ५०९९.२० | २.०२ | ३१.२० | १.९३ |
| कास्की | ५४१४६.०० | २१.०५ | २५८४९.०० | ४६.७० | ६२०९७.०० | २४.५५ | २०३.४० | १२.५८ |
| लमजुङ | १७१४४.०० | ६.६७ | ३१८९.०० | ५.७६ | ९०४६.०० | ३.५८ | ५३.५० | ३.३१ |
| तनहुँ | ३९६९८.०८ | १५.४४ | ४९७२.५० | ८.९८ | २८७०९.२७ | ११.३५ | ९८.८२ | ६.११ |
| नवलपरासी (पूर्व) | ५०१०३.०० | १९.४८ | ३८४०.६० | ६.९४ | ६७७५९.०० | २६.७८ | ९०६.१० | ५६.०२ |
| स्याङ्जा | २६६२७.०० | १०.३५ | २५४७.९० | ४.६० | ४०७५०.२० | १६.११ | ३७.०० | २.२९ |
| पर्वत | १२१६२.०० | ४.७३ | १९९५.०० | ३.६० | ६८२६.९४ | २.७० | ३३.२० | २.०५ |
| बाग्लुङ | २३२८२.०० | ९.०५ | ३६८२.५० | ६.६५ | ११२२५.०० | ४.४४ | ५१.५० | ३.१८ |
| **जम्मा** | **२५७१६८.४५** | **१००.००** | **५५३४६.०८** | **१००.००** | **२५२९७५.६१** | **१००.००** | **१६१७.३७** | **१००.००** |

*स्रोत : पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

**बक्स २ : श्री सापकोटा गाई भैसीपालन फार्म**



यो फार्म गण्डकी प्रदेशको बाग्लुङ जिल्ला, बाग्लुङ नगरपालिका-११, आम्बोटमा रहेको छ । गण्डकी प्रदेशमा पशुपालनमार्फत दुध उत्पादनलाई प्रवर्द्धन गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको योगदानमा वृद्धि गर्ने, अन्य मानिसहरुलाई पनि पशुपालन व्यवसायमा आकर्षित गर्ने र रोजगारी सृजना गर्ने अभिप्रायले स्थानीय नन्दलाल जैसीबाट मिति २०७१/०४/०५ मा घरेलु तथा साना उद्योगमा दर्ता भई (दर्ता नं १८११/०७१/७२) सञ्चालनमा रहेको छ ।

कृषि ज्ञान केन्द्र, बाग्लुङबाट उत्कृष्ट कृषकको रुपमा सम्मानित फार्मका सञ्चालकले आफ्नै जग्गामा रु १८ लाखको लगानी गरी पारिवारिक व्यवसायको रुपमा शुरु गरेको फार्ममा हाल रु. १ करोड २० लाख लगानी रहेको सञ्चालकले जानकारी दिनुभयो । शुरुवातमा ३ रोपनी क्षेत्रफलमा ५ वटा भैसीबाट शुरु भएको फार्ममा हाल ३७ वटा भैसी र ६ वटा गाई रहेका छन । हाल फार्मबाट दैनिक २०० लिटर दुध उत्पादन भई बाग्लुङ जिल्लामा नै खपत भएको छ । कुल १६ रोपनी क्षेत्रफलमा फैलिएको यस फार्ममा हाल ८ जनाले रोजगारी प्राप्त गरिरहेका छन् । आगामी दिनमा ६० गाईभैसी पालन गरी दैनिक ३५० लिटर दुध उत्पादन गरी विक्री वितरण गर्ने फार्मको लक्ष्य रहेको छ ।

## ३.४ वनजन्य उत्पादन

### ३.४.१ प्रदेशगत स्थिति

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको वनजन्य उत्पादनमा काठ र दाउराको उत्पादन क्रमश ३१.३५ प्रतिशत र १३.६८ प्रतिशतले वृद्धि भएको छ भने औषधीजन्य वस्तु र अन्य उत्पादनमा क्रमश ८.३८ प्रतिशत र ११.२० प्रतिशतले कमी आएको छ । औषधीजन्य वस्तुहरुको मागमा कमी तथा सबै राष्ट्रिय वन क्षेत्रबाट जडीबुटी संकलन नभएको कारणले गर्दा समीक्षा अवधिमा औषधीजन्य उत्पादनमा कमी भएको देखिन्छ ।

**तालिका : ३.७ वनजन्य उत्पादन**

| विवरण | एकाइ | २०८०/८१ | २०८१/८२ | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| काठ | क्युबिक फिट | १,७४६,६२६.०४ | २,२९४,१४२.०२ | ३१.३५ |
| दाउरा | चट्टा | २,३७८.२६ | २,७०३.५७ | १३.६८ |
| औषधिजन्य वस्तु | मे.टन | ६०.०० | ५४.९७ | -८.३८ |
| अन्य उत्पादन | मे.टन | २५०.०० | २२२.०० | -११.२० |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला वन कार्यालयहरू ।*

समीक्षा अवधिमा काठजन्य उत्पादनको माग बढ्दै गएको, निजी आवादीबाट रुख कटान भई आन्तरिक तथा बाह्य निकासी भएको, प्रदेश सरकारले आफ्नो वार्षिक कार्यक्रममा काठ दाउरा उत्पादनमा जोड दिएको र वन नियमावली, २०७९ को नयाँ संशोधनमा दर्ता भएको निजी वनबाट साल कटान गर्न सक्ने

प्रावधान रहेको, वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू भएका सामुदायिक वन, साझेदारी वन र चक्ला वनको सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना परिमार्जन गर्नका लागि प्रदेश सरकारबाट वन सम्वर्द्धन प्रणालीमा आधारित दिगोपन व्यवस्थापन निर्देशिका जारी भइसकेकोले सघन वन व्यवस्थापन हुन गई काठ तथा दाउराको उत्पादन बढ्न गएको देखिन्छ ।

## ३.४.२ जिल्लागत स्थिति

सबैभन्दा बढी काठको उत्पादन लमजुङ जिल्लामा २२.२८ प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लामा ०.०३ प्रतिशत भएको देखिन्छ । समीक्षा अवधिमा काठजन्य उत्पादनको माग बढ्दै गएको तथा निजी आवादीबाट रुख कटान भई आन्तरिक तथा बाह्य निकासी भएका मनाङ, म्याग्दी, कास्की, लमजुङ नवलपरासी (बर्दघाट सुस्ता पूर्व), स्याङ्जा र बाग्लुङ जिल्लामा काठको उत्पादन वृद्धिदर अन्य जिल्लाहरुकोभन्दा बढी देखिएको छ । बाग्लुङ जिल्लामा काठजन्य वस्तुको उत्पादन अस्वभाविक रुपमा वृद्धि हुनुको प्रमुख कारण काठजन्य उत्पादनको माग बढ्दै जानु र निजी नम्बरी आबादीबाट रुख कटान भई जिल्लाभित्र र अन्य जिल्लामा समेत माग हुनु रहेको छ ।

**तालिका : ३.८ काठको उत्पादन (जिल्लागत)**

| जिल्ला | आ.व.२०८०/८१ (क्युविक फिट) | आ.व. २०८१/८२ (क्युविक फिट) | हिस्सा (प्रतिशत) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| गोरखा | ४१९३३९.०० | ४३४५७८.६१ | १८.९४ | ३.६३ |
| मनाङ | ५८०.०१ | ७५०.०० | ०.०३ | २९.३१ |
| मुस्ताङ | २६४०७.५८ | १५०७२.२५ | ०.६६ | -४२.९२ |
| म्याग्दी | ८७६८२.२० | १००५८०.१५ | ४.३८ | १४.७१ |
| कास्की | ७८२१८.४८ | ११३२१५.५९ | ४.९३ | ४४.७४ |
| लमजुङ | ४००४२०.५३ | ५१११५६.५४ | २२.२८ | २७.६५ |
| तनहुँ | १५०२१८.३९ | १३४९६८.२० | ५.८८ | -१०.१५ |
| नवलपरासी (पूर्व) | १८३६८४.०० | २९८७३७.०० | १३.०२ | ६२.६४ |
| स्याङ्जा | २६४९३.०२ | ४७०४०.१७ | २.०५ | ७७.५६ |
| पर्वत | १६८९९४.५७ | १४३२६२.३१ | ६.२४ | -१५.२३ |
| बाग्लुङ | २०४५८८.२६ | ४९४७८१.२० | २१.५७ | १४१.८४ |
| **जम्मा** | **१,७४६,६२६.०४** | **२,२९४,१४२.०२** | **१००.०** | **३१.३५** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला वन कार्यालय ।*

# ३.५ सिँचाइ

## ३.५.१ प्रदेशगत स्थिति

समीक्षा वर्षमा यस प्रदेशमा खेती गरिएको क्षेत्रफल ३ लाख ६३ हजार ८ सय ५९ हेक्टर रहेको छ । यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.५८ प्रतिशत भू-भाग (१ लाख ५२ हजार २ सय ९३ हेक्टर क्षेत्रफल) मा सिँचाइ सुविधा पुगेको छ ।

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.५७ प्रतिशतले बृद्धि भएको छ । कुल सिँचित क्षेत्रफलमध्ये ४५.३७ प्रतिशत कुलो र ५३.८४ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरी, बोरिङ्ग तथा थोपा सिँचाइ प्रणालीबाट बाँकी ०.७९ प्रतिशत सिँचाइ भएको देखिन्छ ।


## तालिका : ३.९ खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल

(हेक्टरमा)

| विवरण | आ.ब २०७९/८० | आ.ब २०८०/८१ | आ.ब २०८१/८२ | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| कुल सिँचित क्षेत्रफल | १५०७१९.८ | १५१४३२.० | १५२२९३.० | ०.५७ |
| कुल खेतीयोग्य क्षेत्रफल | ४५३५१९.० | ४५३५१९.० | ४५३५१९.० | ०.०० |
| खेती गरिएको क्षेत्रफल | ३६४४९२.० | ३६३८४२.० | ३६३८५९.० | ०.०१ |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

### ३.५.२ जिल्लागत स्थिति

समीक्षा वर्षमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.६ प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेकोमा गोरखा, मुस्ताङ, कास्की, पर्वत र नवलपरासी (पूर्व) जिल्लामा औसतभन्दा वढी प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको देखिन्छ भने अन्य जिल्लाहरुमा औसतभन्दा कम प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको देखिन्छ ।

## तालिका : ३.१० खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल (जिल्लागत)

(हेक्टरमा)

| जिल्ला | कुल सिँचित क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफल | खेती गरिएको क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिँचित क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| गोरखा | २५,७४२.० | ५५,६९६.० | ५४,०१६.० | ४६.२ |
| मनाङ | २४७.० | २,१५३.० | २,१४७.० | ११.५ |
| मुस्ताङ | ४,५९२.० | ५,४६६.० | ४,४००.० | ८४.० |
| म्याग्दी | ६,४४३.० | ३०,४५६.० | १९,४९८.० | २१.२ |
| कास्की | १३,०६६.० | २८,६६१.० | २५,७९५.० | ४५.६ |
| लमजुङ | १५,८८८.० | ५८,३७५.० | ४५,७७७.० | २७.२ |
| तनहुँ | ५,८०३.० | ६५,०६५.० | ५१,६१४.० | ८.९ |
| नवलपरासी (पूर्व) | ४१,२८६.० | ६०,१७५.० | ५५,३०४.० | ६८.६ |
| स्याङ्जा | २०,१९२.० | ७२,७३१.० | ५०,५६४.० | २७.८ |
| पर्वत | १२,०२२.० | २८,५९३.० | २४,१७१.० | ४२.० |
| बाग्लुङ | ७,०१२.० | ४६,१४८.० | ३०,५७३.० | १५.२ |
| **जम्मा** | **१५२,२९३.०** | **४५३,५१९.०** | **३६३,८५९.०** | **३३.६** |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.६ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूबाट कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जामा १५.२६ प्रतिशतले ह्रास भई रु. २४ अर्ब ७ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ९.६९ प्रतिशतले ह्रास भएको थियो। यस प्रदेशमा प्रवाहित कुल कर्जामा कृषि कर्जाको अंश ६.७४ प्रतिशत रहेको छ। प्रदेशको कुल कृषि कर्जामा कृषि र वन सम्बन्धी उपशीर्षकमा २३ अर्ब ७८ करोड (९८.८३ प्रतिशत) र माछापालन सम्बन्धी उपशीर्षकमा २८ करोड (१.१७ प्रतिशत) रहको देखिन्छ।

**तालिका ३.११ : क्षेत्रगत कृषि कर्जा**

रकम रु दश लाखमा

| विवरण | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | परिवर्तन प्रतिशत | क्षेत्रगत सेवा कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| कृषि र वन सम्बन्धी | २८१२६.९८ | २३७८६.६१ | -१५.४३ | ९८.८३ |
| माछापालन सम्बन्धी | २७५.२४ | २८२.५२ | २.६५ | १.१७ |
| कुल कृषि कर्जा | २८४०२.२२ | २४०६९.१३ | -१५.२६ | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौतीहरू

१. वास्तविक कृषकको पहुँचमा कृषि भूमि उपलब्ध नहुनु, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत विउ, प्रविधि, सिँचाइ, विद्युत इत्यादि सर्वसुलभ रुपमा उपलब्ध गराउनु, कृषि भूमिको संरक्षण तथा उपयोग गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु, कृषि क्षेत्रमा श्रमिक टिकाउनु र बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु चुनौतीपूर्ण देखिन्छ।

२. दुग्ध तथा मासुजन्य उत्पादन वृद्धिका लागि प्राविधिक सेवाको उपलब्धता र पहुँच वृद्धि गराउने, गुणस्तरीय उत्पादन सामाग्रीको सहज रुपमा उपलब्धता सुनिश्चित गराउने, पशुपन्छी तथा मत्स्य स्रोत केन्द्रको स्थापना तथा सुदृढीकरण गर्ने, घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ।

३. पशुपन्छीमा आधारित व्यवसायलाई प्रतिस्पर्धी र दिगो तुल्याउनु, पशु र पशुजन्य उपजको मुल्य निर्धारण प्रक्रिया वैज्ञानिक र व्यवहारिक बनाउनु तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु चुनौतीपूर्ण छ।

४. सुलभ ब्याजदरमा कृषि ऋणको उपलब्धता, कृषि बीमाको दावी प्रक्रृयालाई सहज बनाउनु, उत्पादन तथा प्रतिफलमा आधारित अनुदान तथा उत्पादित कृषि उपजको बजारलाई सुनिश्चित गर्नु। साथै, अन्य देशहरुबाट आयात हुने कृषि तथा पशुजन्य उत्पादनलाई निरुत्साहित गरी देशकै उत्पादनलाई प्रोत्साहित गर्नु चुनौती छ।

५. विदेशबाट फर्किएका व्यक्तिहरुलाई आर्थिक एवम् प्राविधिक सहजीकरण मार्फत् कृषि तथा पशुपालन व्यवसायमा संलग्न हुने वातावरणको सृजना गर्नु।

६. प्रादेशिक कृषि विकास रणनीति तयार भइनसकेकाले राष्ट्रिय सूचक अनुसार प्रादेशिक सूचक तर्जुमा हुन नसक्नु। साथै, प्रदेश भित्रको आयात र निर्यातको अभिलेखीकरण हुन नसक्नु।

७. कृषि, पशुपालन तथा परम्परागत पेशा व्यवसायलाई बजारमुखी तुल्याउने, सम्मानजनक रोजगारी सिर्जना गर्ने, न्यायोचित पारिश्रमिकको व्यवस्था सुनिश्चित गर्ने र अनौपचारिक रोजगारीलाई सामाजिक सुरक्षा सञ्जालमा आवद्ध गराउने कार्य चुनौतीपूर्ण रहेको छ।

### ३.७.२ सम्भावनाहरू

१. नेपालको संविधानले खाद्य सुरक्षा, कृषि र भूमिसुधारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको हुँदा कृषि क्रान्तिको लागि बलियो कानुनी आधार प्रदान भएको छ जसले यो क्षेत्रको सम्भावनालाई बढाएको छ ।

२. भूमिहीन परिवार र विदेशबाट फर्केका युवाहरूलाई कृषिमा संलग्न गराउन सकिने भएकोले श्रमशक्तिको आपूर्ति बढाउँन सकिने सम्भावना रहेको छ । साथै, नेपालको वर्तमान जनसंख्याको संरचनाले समेत कृषि क्षेत्रको विकास गर्न सक्ने ठूलो सम्भावना रहेको छ ।

३. नेपाल सरकारबाट कास्की जिल्लाको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको छ । गण्डकी प्रदेश आफैमा उत्कृष्ट पर्यटन गन्तव्य भएको सन्दर्भमा कृषिलाई पर्यटनसँग जोड्न सकेमा कृषि तथा पशुपालन व्यवसाय विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

४. कृषिको लागि समयमै उन्नत मल, बीउ तथा उपकरणको उपलब्धता, पर्याप्त सिँचाई सुविधा, कृषि तथा पशुपालन सम्बन्धी सीप र तालिमको व्यवस्था, कृषि तथा पशुपालन व्यवसायमा देखिने रोगहरुको समयमै रोकथाम तथा नियन्त्रण, बाँदर तथा वन्यजन्तुबाट हुने क्षतिको प्रभावकारी न्यूनीकरण इत्यादि गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने सम्भावना रहेको छ ।

५. जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसाय गर्न प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शीघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमिन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।

६. यस प्रदेशका मनाङ र मुस्ताङ जिल्लामा स्याउ, कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा सुन्तला तथा नवलपरासी (पूर्व) मा आँप तथा केरा खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च पहाडी जिल्लाहरुमा यार्सागुम्बा लगायतका जडीबुटीबाट समेत राम्रो आम्दानी गर्न सक्ने सम्भावना रहेको छ ।

७. उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसायलाई थप व्यवस्थित र प्रवर्द्धन गरी ऊन, दुध, छुर्पी र मासुको उत्पादन वृद्धि गर्न सकिने सम्भावना छ भने अन्य पहाडी जिल्लाहरूमा व्यावसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।

८. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भरतातर्फ अग्रसर गराउन पकेट क्षेत्र, जोन र सुपरजोनको विस्तार गरी ब्राण्डिङ्ग तथा बजारीकरण गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ४

# उद्योग क्षेत्र


आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १६.५ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । गत वर्ष यस्तो हिस्सा १६.८ प्रतिशत रहेको थियो । यस प्रदेशको उद्योग क्षेत्रमा साना र मझौला उद्योगहरूको उल्लेख्य उपस्थिति रहेको छ । आ.व. २०८१/८२ को फागुन मसान्तसम्ममा गण्डकी प्रदेश मातहत दर्ता भएका कुल उद्योगको सङ्ख्या ६८ हजार १ सय ४९ पुगेको छ भने वाणिज्य फर्मको सङ्ख्या ६७ हजार ८ सय ४१ पुगेको छ ।[1]

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको औद्योगिक क्षेत्रको स्थितिको संक्षिप्त विश्लेषण गरिएको छ । साथै, औद्योगिक कर्जाको स्थिति एवम् उद्योग क्षेत्रमा देखिएको समस्या, चुनौती र सम्भावना समेतलाई समेटिएको छ ।

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

क) आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगको औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा ०.०३ प्रतिशत बिन्दुले कमी आई ३९.१९ प्रतिशत पुगेको छ । यस प्रदेशमा औसत क्षमता उपयोगभन्दा बढी उत्पादन क्षमता भएका उद्योगमा बिस्कुट उद्योगको ६५.३१ प्रतिशत, वियरको ६४.६० प्रतिशत, लिक्विड औषधीको ६०.२३ प्रतिशत, चुरोटको ५४.८५ प्रतिशत, तोरीको तेलको ५०.९९ प्रतिशत, चकलेटको ४५.२९ प्रतिशत, सिमेन्ट उद्योगको ४४.५४ प्रतिशत प्रतिशत रहेका छन् । औसतभन्दा कम उत्पादन क्षमता भएकामा क्याप्सुल औषधीको ३८.६४ प्रतिशत, चाउचाउको ३१.४८ प्रतिशत, प्रशोधित दुध २६.२९ प्रतिशत, ट्याब्लेट औषधीको २५.४६ प्रतिशत, ईटा उद्योगको १९.७६ प्रतिशत, ओइन्टमेन्ट औषधीको १४.९० प्रतिशत र ड्राई सिरप औषधीको ६.३७ प्रतिशत रहेको देखिन्छ ।

**चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग**




*स्रोत : अध्ययन क्षेत्रका उद्योग ।*

(ख) समीक्षा वर्षमा चाउचाउ, क्याप्सुल औषधी, वियर, चुरोट, प्रशोधित दुध, ड्राई सिरप औषधी र तोरीको तेलको उत्पादनमा क्रमशः ४४.९८ प्रतिशत, १५.५६ प्रतिशत, १२.२६ प्रतिशत, १०.५३ प्रतिशत, ३.४८ प्रतिशत, २.१९ प्रतिशत र १.८० प्रतिशतले वृद्धि भएको छ भने ईटा, ओइन्टमेन्ट औषधी, ट्याब्लेट

---

[1] प्रदेश आर्थिक सर्वेक्षण - आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला मन्त्रालय,गण्डकी प्रदेश ।

औषधी, चकलेट, लिक्विड औषधी, बिस्कुट र सिमेण्टको उत्पादनमा क्रमशः ५१.८२ प्रतिशत, १३.८२ प्रतिशत, १२.७५ प्रतिशत, ७.६९ प्रतिशत, ७.६७ प्रतिशत, ६.०१ प्रतिशत र २.३९ प्रतिशतले कमी आएको छ ।

**तालिका ४.१ औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | आ.व २०८०/८१ | आ.व २०८१/८२ | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | २८८५.०० | २९३७.०० | १.८० | ५०.९९ |
| प्रशोधित दूध | हजार लिटर | ९१८०.८७ | ९५००.५२ | ३.४८ | २६.२९ |
| विस्कुट | मे.टन | ७११६.०० | ६६८८.०० | -६.०१ | ६५.३१ |
| चकलेट | मे.टन | ३१८९.०० | २९४३.७० | -७.६९ | ४५.२९ |
| चउचाउ | मे.टन | ४१०३.८० | ५९४९.८२ | ४४.९८ | ३१.४८ |
| वियर | हजार लिटर | ९४०८०.२० | १०५६१८.८९ | १२.२६ | ६४.६० |
| चुरोट | दस लाख खिल्ली | ३५७३.०१ | ३९४९.३६ | १०.५३ | ५४.८५ |
| ट्याब्लेट औषधी | हजार थान | १८६२७५.०० | १६२५१८.६५ | -१२.७५ | २५.४६ |
| क्यापसुल औषधी | हजार थान | १९९२०.०० | २३०१९.४२ | १५.५६ | ३८.६४ |
| ओइन्टमेन्ट औषधी | हजार ट्युब | ८३७.५० | ७२१.७७ | -१३.८२ | १४.९० |
| ड्राइ सिरप औषधी | हजार बोतल | २९५.०० | ३०१.४६ | २.१९ | ६.३७ |
| लिक्विड औषधी | हजार बोतल | २३१६.९९ | २१३९.३६ | -७.६७ | ६०.२३ |
| ईंटा | दस लाख गोटा | ५.२१ | २.५१ | -५१.८२ | १९.७६ |
| सिमेण्ट | मे.टन | ११४५३०९.५० | १११७९१९.०० | -२.३९ | ४४.५४ |

*स्रोत : अध्ययन क्षेत्रका उद्योग ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको औद्योगिक कर्जामा ९.९९ प्रतिशतले ह्रास भई कुल रु.२७ अर्ब ९१ करोड रहेको छ । गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा ७.८२ प्रतिशत रहेको छ । उक्त कर्जा मध्ये सबैभन्दा बढी निर्माण उपशीर्षकमा रु. ८ अर्ब ३३ करोड (२९.८७ प्रतिशत), गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ८ अर्ब २० करोड (२९.३८ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ७ अर्ब ६१ करोड (२७.३० प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपशीर्षकमा रु.२ अर्ब ८८ करोड (१०.३४ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ५४ करोड (१.९४ प्रतिशत) र खानी उत्पादनमा उपशीर्षकमा रु.३२ करोड (१.१८ प्रतिशत) कर्जा लगानी रहेको छ ।

**तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा**

(रकम रु दश लाखमा)

| विवरण | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | परिवर्तन प्रतिशत | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| खानी सम्बन्धी | ३७३.७५ | ३२८.२६ | -१२.१७ | १.१८ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ८९८७.३५ | ७६१९.७३ | -१५.२२ | २७.३० |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ९३४६.८१ | ८२०२.३१ | -१२.२४ | २९.३८ |
| निर्माण | ९१११.४० | ८३३६.७७ | -८.५० | २९.८७ |
| विद्युत, ग्यास तथा पानी | ५९४.९३ | ५४२.३५ | -८.८४ | १.९४ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | २५९८.८० | २८८४.९९ | ११.०१ | १०.३४ |
| **कुल औद्योगिक कर्जा** | **३१०१३.०५** | **२७९१४.४०** | **-९.९९** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.३.१ चुनौतीहरू

१. यस प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना तथा उद्योगको लागि चाहिने आधारभूत पूर्वाधार जस्तैः यातायात, सञ्चार र बिजुली इत्यादिको व्यवस्था गर्नु चुनौतीपूर्ण रहेको छ ।

२. उद्योगको लागि आवश्यक प्राविधिक तथा सिपमूलक जनशक्तिको व्यवस्थाका साथै अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु चुनौती छ ।

३. आयात प्रतिस्थापन तथा प्रादेशिक तहमा तुलनात्मकरुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान, उत्पादन र ब्राण्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्नु चुनौतीपूर्ण छ ।

४. आर्थिक क्षेत्रमा देखिएको मन्दी, युवाहरु विदेश पलायन तथा सरकारले प्रभावकारी रुपमा पुँजीगत खर्च गर्न नसक्दा उत्पादन उद्योगहरु जस्तैः सिमेण्ट उद्योग, छड उद्योग इत्यादिको क्षमता अनुसार सञ्चालन हुन सकेका छैनन् ।

५. उत्पादित वस्तु तथा सेवाको व्यवस्थित गुणस्तर परीक्षण गर्नु, उत्पादित वस्तुको गुणस्तर कायम गर्नु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न सक्ने तुल्याउनु चुनौतीपूर्ण देखिन्छ ।

### ४.३.२ सम्भावनाहरू

१. यस प्रदेशको आ.व.२०८२/८३ को बजेटमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र विकासका लागि लोकाहाखोला र पुडिटारमा जग्गा प्राप्ति तथा निर्माण गरी आवश्यक पूर्वाधारको व्यवस्थाका लागि जोड दिएकाले सोको कार्यान्वयनले यस प्रदेशमा उद्योगको विकास गर्नका लागि राम्रो सम्भावना देखिन्छ ।

२. यस प्रदेशको आ.व. २०८२/८३ को बजेटमा स्थानीयरुपमा मदिराको गुणस्तरीय उत्पादन र बिक्री वितरणको लागि कानुनी व्यवस्था मिलाइने व्यवस्था राखिएको छ । जसले प्रदेशमा स्थानीय कच्चा पदार्थबाट घरेलु मदिराको व्यवस्थित उत्पादन, नियमन तथा बजारीकरण मार्फत मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन हुने सम्भावना देखिन्छ ।

३. स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने संभावना देखिन्छ ।

४. गण्डकी प्रदेश देशको पर्यटकीय गन्तव्य समेत रहेको हुँदा बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनको मागलाई पूर्ति गर्न कृषि तथा कृषिमा आधारित उद्योगको विकासको राम्रो सम्भावना रहेको छ ।

५. यस प्रदेशमा रहेका बैक तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

६. मध्यपहाडी लोकमार्ग छेउछाउका सम्भाव्य स्थानलाई आर्थिक केन्द्रकोरुपमा विकास गरी साना तथा घरेलु उद्यम विकास गर्न सक्ने सम्भावना रहेको छ ।

# परिच्छेद ५

# सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । यस प्रदेशको आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५५.८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरूमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू समेटिएका छन ।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १० होटलको शैया संख्या १.१ प्रतिशतले वृद्धि भई २ लाख ३६ हजार ८ सय ८० रहेको छ । पर्यटक आगमनमा वृद्धि भएसँगै शैया विक्री सख्यामा ३.८ प्रतिशतले वृद्धि भई ७५ हजार ४ सय १९ पुगेको छ । समग्रमा समीक्षा अवधिमा होटलको अकुपेन्सी २.७ प्रतिशतले वृद्धि भई ३१.८४ प्रतिशत पुगेको छ ।

**तालिका ५.१: पर्यटक आगमन**

| विवरण | आ.व २०८०/८१ | आ.व २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| होटलको शैया संख्या | २३४,३६०.०० | २३६,८८०.०० | १.१ |
| शैया बिक्री | ७२,६५९.०० | ७५,४१९.०० | ३.८ |
| होटल अकुपेन्सी (प्रतिशतमा) | ३१.०० | ३१.८४ | २.७ |
| विदेशी पर्यटक आगमन संख्या | ५५,१४९.०० | ६९,४९१.०० | २६.० |
| प्रत्यक्ष रोजगारी संख्या | ५२८.०० | ५२२.०० | -१.१ |

*स्रोत: अध्ययनमा समावेश गरिएका होटल तथा रिसोर्ट ।*

### ५.१.१ हवाई सेवा

आर्थिक वर्ष २०८१/८२ मा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा २५ हवाई सेवा कम्पनीद्वारा १४,१५८ उडान भएको छ, जुन अघिल्लो आ.व.को तुलनामा २३.२७ प्रतिशतले बढी हो । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा सो विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या १.० प्रतिशतले कमी आई ४ लाख ८७ हजार ४ सय ९३ रहेको छ भने हवाई सेवा कम्पनीको सिट उपयोग क्षमता ७९.१३ प्रतिशत रहेको छ । समीक्षा बर्षमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलवाट ५ वटा हवाई कम्पनीमार्फत २४ वटा अन्तर्राष्ट्रिय उडान भई १३५ जना यात्रुले उडान भरेका छन् ।

### तालिका ५.२: हवाई सेवा

| विवरण | आ.व २०८०/८१ | आ.व २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **हवाई सेवा कम्पनी संख्या** | **२१** | **२५** | **१९.०** |
| आन्तरिक | १९ | २० | ५.३ |
| अन्तर्राष्ट्रिय | २ | ५ | १५०.० |
| **हवाई सेवा उडान संख्या (समग्र)** | **११४८५** | **१४१५८** | **२३.३** |
| आन्तरिक | ११४८१ | १४१३४ | २३.१ |
| अन्तर्राष्ट्रिय | ४ | २४ | ५००.० |
| **हवाई सेवा कम्पनीको सिट क्षमता** | **६३२२०६** | **६१६०७३** | **-२.६** |
| आन्तरिक | ६३१९४४ | ६१३३५० | -२.९ |
| अन्तर्राष्ट्रिय | २६२ | २७२३ | ९३९.३ |
| **हवाई सेवा कम्पनीको सिट उपयोग (समग्र)** | **४९२१८२** | **४८७४९३** | **-१.०** |
| आन्तरिक | ४९२०८४ | ४८७३५८ | -१.० |
| अन्तर्राष्ट्रिय | ९८ | १३५ | ३७.८ |
| **हवाई सेवा कम्पनीको सिट उपयोग (प्रतिशत)** | **७७.८५** | **७९.१३** | **१.६४** |
| आन्तरिक | ७७.८७ | ७९.४६ | २.०४ |
| अन्तर्राष्ट्रिय | ३७.४० | ४.९६ | -८६.७४ |

*स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा यस प्रदेशमा बसाईसराई तथा आर्थिक क्रियाकलापमा भएको सुधारसँगै मालपोत कार्यालयमा घर/जग्गा रजिष्ट्रेशन संख्यामा २७.९ प्रतिशतको वृद्धि भई ३१ हजार ३ सय ५ पुगेको छ । महानगर/नगरपालिकाबाट हुने नक्सा पास संख्यामा ८.४ प्रतिशतले ह्रास आई १ हजार ७ सय ९४ रहेको छ । घर जग्गा रजिष्ट्रेशन वापतको राजस्व १३.१ प्रतिशतले ह्रास भई रु. २ अर्ब ३ करोड १५ लाख १० हजार सङ्कलन भएको छ ।

### तालिका ५.३ : सार्वजनिक निर्माण तथा रियलस्टेट

| विवरण | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | २४४७८.० | ३१३०५.० | २७.९ |
| घर/भवन स्थायी नक्सा पास संख्या | १९५९ | १७९४ | -८.४ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | २३३७.३५ | २०३१.५१ | -१३.१ |

*स्रोत : मालपोत कार्यालय, महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंकिङ्ग सेवा

(क) समीक्षा वर्षमा गण्डकी प्रदेशका ११ जिल्लाहरूमा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूको शाखा १,३९९ पुगेको छ । जसमध्ये वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्तको शाखा संख्या क्रमशः ६०८, १९१, ३७ र ५६३ रहेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार कास्की, नवलपरासी (पूर्व) र तनहुँ जिल्लामा अधिकेन्द्रित देखिएको छ ।


## तालिका ५.४ : बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति

| जिल्ला | २०८१ असार | | २०८२ असार | |
|---|---|---|---|---|
| | शाखा संख्या | प्रतिशत | शाखा संख्या | प्रतिशत |
| कास्की | ३७९ | २७.०७ | ३७६ | २६.८८ |
| स्याङ्जा | १३० | ९.२९ | १३३ | ९.५१ |
| तनहुँ | १९० | १३.५७ | १८८ | १३.४४ |
| गोरखा | ११५ | ८.२१ | ११४ | ८.१५ |
| लमजुङ | १०४ | ७.४३ | १०४ | ७.४३ |
| मनाङ | १७ | १.२१ | १७ | १.२२ |
| मुस्ताङ | २३ | १.६४ | २३ | १.६४ |
| पर्वत | ८३ | ५.९३ | ८२ | ५.८६ |
| बाग्लुङ | १०४ | ७.४३ | १०९ | ७.७९ |
| म्याग्दी | ५४ | ३.८६ | ५४ | ३.८६ |
| नवलपरासी (पूर्व) | २०१ | १४.३६ | १९९ | १४.२२ |
| **जम्मा** | **१४००** | **१००** | **१३९९.०** | **१००.०** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

(ख) समीक्षा वर्षमा गण्डकी प्रदेशमा निक्षेप परिचालन १४.६ प्रतिशतले वृद्धि भई ६ खर्ब १२ अर्ब ३० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप १२.५ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, कुल कर्जा लगानी २.३ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ५६ अर्ब ९३ करोड पुगेको छ । जसमध्ये कृषि क्षेत्रमा रु. २४ अर्ब ६ करोड, औद्योगिक क्षेत्रमा रु. २७ अर्ब ९१ करोड, सेवा क्षेत्रमा रु.१ खर्ब ११ अर्ब ५५ करोड र अन्य क्षेत्रमा (रियल स्टेट, शिक्षा, उपभोग लगायतका अन्य क्षेत्रमा) रु.१ खर्ब ९३ अर्ब ४१ करोड प्रवाह भएको छ ।

### चार्ट ५.१: निक्षेप तथा कर्जाको विवरण (रु. अर्बमा)




*स्रोत: नेपाल राष्ट्र बैंक*

(ग) समीक्षा वर्षमा निक्षेपकर्ताको संख्यामा ५.८२ प्रतिशतले वृद्धि भई ६५ लाख ५ हजार पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा ८.४३ प्रतिशतले वृद्धि भएको थियो ।

(घ) समीक्षा वर्षमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताको संख्यामा १२.७१ प्रतिशतले वृद्धि भई २ लाख ७३ हजार पुगेको छ भने मोबाइल बैंकिङ्ग प्रयोगकर्ताको संख्यामा १५.५० प्रतिशतले वृद्धि भई ३० लाख ५९ हजार पुगेको छ । साथै, ए.टि.एम.को संख्यामा १.३२ प्रतिशतले वृद्धि भई ६१३ पुगेको छ ।

**तालिका ५.५ : वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| | आ.व २०८०/८१ | आ.व २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेपकर्ताको संख्या | ६१,४७,०९३ | ६५०५०७० | ५.८२ |
| ऋणीहरूको संख्या | २,३४,५७२ | २२५४२४ | -३.९० |
| इन्टरनेट बैकिंग | २,४२,३६० | २७३१७० | १२.७१ |
| मोबाइल बैकिंग | २६,४९,१९० | ३०५९८६८ | १५.५० |
| एटिएम संख्या | ६०५ | ६१३ | १.३२ |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

(ङ) आर्थिक वर्ष २०८१/८२ मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरूमा सञ्चालित ९ नोटकोषहरूमा रु. १५ अर्ब ५० करोड ६५ लाख फण्ड ट्रान्सफर भएको छ। अघिल्लो वर्ष सोही अवधिमा रु. १६ अर्ब फण्ड ट्रान्सफर भएको थियो ।

(च) आर्थिक वर्ष २०८१/८२ मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु. ८३ करोड ९४ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ। अघिल्लो वर्ष रु.१ अर्ब ४६ करोड ४७ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो ।

कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रामध्ये अमेरिकी डलर २३.१७ प्रतिशत र युरो ४४.२२ प्रतिशत रहेको छ। समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट भारतीय मुद्राको बिक्री १३३.५ प्रतिशतले वृद्धि भई रु. ५ करोड ९३ लाख रहेको छ भने रु. २६ लाख बराबरको भारतीय मुद्रा खरिद भएको छ।

**तालिका ५.६ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण**

(रु. करोडमा)

| विवरण | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| अमेरिकी डलर | ३४.५१ | १९.४५ | -४३.६ |
| युरो | ६१.७३ | ३७.१२ | -३९.९ |
| अन्य मुद्रा | ५०.२३ | २७.३७ | -४५.५ |
| **जम्मा** | **१४६.४७** | **८३.९४** | **-४२.७** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.३.२ अन्य वित्तीय सेवा

(क) आर्थिक वर्ष २०८०/८१ सम्ममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमार्फत् विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरूको संख्या ११२ रहेकोमा आर्थिक वर्ष २०८१/८२ असार मसान्तमा यस्ता संस्थाको संख्या ११४ पुगेको छ । जसमध्ये, मनिचेन्जर ३५, होटल/रिसोर्ट २७, ट्राभल एजेन्सी २०, ट्रेकिङ्ग एजेन्सी २६ र अन्यको संख्या ६ रहेको छ।

**तालिका ५.७ : विदेशी मुद्रा सटही गर्ने इजाजतपत्रप्राप्त संस्थाहरू**

| | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मनिचेञ्जर | ३५ | ३५ | ० |
| होटेल/रिसोर्ट | ३० | २७ | -१० |
| ट्राभल एजेन्सी | १७ | २० | १७.६५ |
| ट्रेकिङ | २४ | २६ | ८.३३ |
| अन्य | ६ | ६ | ० |
| **जम्मा** | ११२ | ११४ | १.७९ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

आ.व. २०८१/८२ मा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयहरूमा दर्ता भएका यातायातका साधनको संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३८.९ प्रतिशतले वृद्धि भई १७ हजार ९ सय ६७ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि १०.४५ प्रतिशतले ऋणात्मक रहेको थियो । यसमध्ये आ.व. २०८१/८२ मा मोटरसाईकलको संख्या १४ हजार ८ सय ६१ र अन्य यातायातको साधनको संख्या ३ हजार १ सय ६ रहेको छ । यस प्रदेशमा आर्थिक क्षेत्र चलायनमान हुँदै जानु, आयातमा गरिएको कडाई फुकुवा हुनु तथा यातायातका साधन प्रयोग गर्ने युवाहरु बढेका जस्ता कारणले यातायातको साधनहरुको दर्ता क्रमशः बढ्दै गएको देखिन्छ ।

**तालिका ५.८ : गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | आ.व २०८०/८१ | आ.व २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | १२९३८.० | १७९६७.० | ३८.९ |
| मोटरसाईकल | १११२३.० | १४८६१.० | ३३.६ |
| अन्य ....... | १८१५.० | ३१०६.० | ७१.१ |

*स्रोतः विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय ।*

### ५.४.२ सञ्चार

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गण्डकी प्रदेशका ४७.७ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ भने ७७.८ प्रतिशत घरधुरीमा स्मार्ट फोन प्रयोग हुने गरेको छ । यसले गर्दा पछिल्लो समयमा सूचना तथा सञ्चार प्रविधिको उपयोगमा उल्लेख्य वृद्धि भएको छ । इन्टरनेट प्रयोग गर्ने पुरुषको राष्ट्रिय अनुपात ४८.५४ र महिलाको २३.२८ रहेको छ । गण्डकी प्रदेशमा यस्तो अनुपात क्रमशः ६१.२७ र ३८.६ रहेको छ ।

गण्डकी प्रदेशमा नेपाल टेलिकमको इन्टरनेट सेवा प्रयोगकर्ता पोस्टपेडमध्ये २ प्रतिशत, फाइबर टु दि होम १ प्रतिशत रहेका छन् भने २ जी, ३ जी र ४ जी प्रयोगकर्ता ९७ प्रतिशत रहेका छन्

## ५.५ स्वास्थ्य

आर्थिक वर्ष २०८०/८१ सम्ममा गण्डकी प्रदेशमा कुल सरकारी/सामुदायिक अस्पतालहरूको संख्या ४७ रहेकोमा आर्थिक वर्ष २०८१/८२ असार मसान्तमा यस्ता संस्थाहरूको संख्या १९.१५ प्रतिशतले वृद्धि भई ५६ पुगेको छ । त्यसैगरी आर्थिक वर्ष २०८१/८२ मा सरकारी/सामुदाथिक अस्पतालहरुमा कार्यरत चिकित्सकको संख्या ५३.१७ प्रतिशतले वृद्धि भई ५५६ पुगेको छ । समीक्षा वर्षमा शैया संख्या १९.६१ प्रतिशतले वृद्धि भई १,७९३ पुगेको छ । यस प्रदेशमा निजी अस्पतालको संख्या ६३, चिकित्सकको संख्या ४८४ रहेको छ भने शैयाको संख्या ४,२४३ रहेको छ ।

### तालिका ५.९: गण्डकी प्रदेशमा स्वास्थ्य सेवा

| विवरण | आ.व २०८०/८१ | आ.व २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **१. सरकारी/सामुदायिक अस्पताल** | | | |
| अस्पताल संख्या | ४७ | ५६ | १९.१५ |
| चिकित्सक संख्या | ३६३ | ५५६ | ५३.१७ |
| शैया संख्या | १४९९ | १७९३ | १९.६१ |
| **२. निजी अस्पताल** | | | |
| अस्पताल संख्या | ६५ | ६३ | -३.०८ |
| चिकित्सक संख्या | ४२६ | ४८४ | १३.६२ |
| **शैया संख्या** | २८०० | ४२४३ | ५१.५४ |

*स्रोत : स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य कार्यालय ।*

## ५.६ शिक्षा

समीक्षा वर्षमा यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयको संख्यामा १.९३ प्रतिशतले कमी भई ३,२४६ पुगेको छ । साथै, विद्यार्थी संख्या र शिक्षक संख्यामा पनि क्रमशः ९.३६ र ६.१९ प्रतिशतले कमी आएको छ । संस्थागत/निजी विद्यालयको विद्यार्थी संख्या र शिक्षक संख्यामा पनि क्रमशः ३.२२ र ०.८६ प्रतिशतले वृद्धि भएतापनि विद्यालयको संख्यामा ०.६९ प्रतिशतले कमी आएको छ । त्यस्तै, प्राविधिक शिक्षालयको संख्या, विद्यार्थी संख्या र शिक्षक संख्यामा पनि क्रमशः ४.१७, ७.७९ र ५.२० प्रतिशतले वृद्धि भएको देखिएको छ ।

### तालिका ५.१०: गण्डकी प्रदेशमा शिक्षा सेवा

| विवरण | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | समीक्षा अवधि परिवर्तन प्रतिशत |
|---|---|---|---|
| **सरकारी/सामुदायिक विद्यालय** | | | |
| विद्यालय संख्या | ३३१०.०० | ३२४६.०० | -१.९३ |
| विद्यार्थी संख्या | ३८२९५५.०० | ३४७१०४.०० | -९.३६ |
| शिक्षक संख्या | २४२४९.०० | २२७४८.०० | -६.१९ |
| **संस्थागत/निजी विद्यालय** | | | |
| विद्यालय संख्या | ७२५.०० | ७२०.०० | -०.६९ |
| विद्यार्थी संख्या | २०६७५४.०० | २१३४१७.०० | ३.२२ |
| शिक्षक संख्या | ९६३०.०० | ९७१३.०० | ०.८६ |
| **प्राविधिक शिक्षालय** | | | |
| शिक्षालय संख्या | ७२.०० | ७५.०० | ४.१७ |
| विद्यार्थी संख्या | ३७८५.०० | ४०८०.०० | ७.७९ |
| शिक्षक संख्या | ५५८.०० | ५८७.०० | ५.२० |
| **विश्वविद्यालयमा आबद्ध भएका क्याम्पस** | | | |
| क्याम्पस संख्या | ६४.०० | ६२.०० | -३.१३ |
| विद्यार्थी संख्या | ४९११९६.०० | ४६५८५.०० | -५.३१ |
| शिक्षक संख्या | २६३७.०० | २६७२.०० | १.३३ |

*स्रोत : शिक्षा तथा समन्वय इकाई र विश्वविद्यालय ।*

कक्षा १२ को अध्ययनपछि विदेश पढ्न जाने प्रवृत्ति बढ्नु, रोजगारको सिलसिलामा विदेश जाने प्रवृत्ति रहनु तथा बसाईसराई जस्ता कारणले गर्दा समीक्षा वर्षमा विश्वविद्यालयमा आवद्ध क्याम्पसको संख्यामा ३.१३ प्रतिशतले कमी भई ६२ वटामा सीमित भएको छ । त्यस्तै, विद्यार्थीको संख्यामा ५.३१ प्रतिशतले कमी आएको भएतापनि शिक्षकको संख्यामा भने १.३३ प्रतिशतको वृद्धि भएको छ ।

## ५.७ सेवा क्षेत्र कर्जा

बैंक तथा वित्तीय संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा समीक्षा वर्षमा ०.०७ प्रतिशतले कमी आई रु.१ खर्ब ११ अर्ब ५५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.२४ प्रतिशतले कमी आएको थियो । समीक्षा वर्षमा गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जा प्रवाह मध्ये सेवा क्षेत्र कर्जा ३१.२६ प्रतिशत रहेको छ ।

यस आर्थिक वर्ष सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये थोक तथा खुद्रा बिक्रेतामा रु. ५८ अर्ब ६६ करोड (५२.५८ प्रतिशत), पर्यटनमा रु.२३ अर्ब ८९ करोड (२१.४२ प्रतिशत), वित्त, बीमा तथा अचल सम्पत्तिमा रु. २० अर्ब ६३ करोड (१८.४९ प्रतिशत), यातायात, भण्डारण र संचारमा रु. ४ अर्ब २९ करोड (३.८५ प्रतिशत), अन्य सेवा उपशीर्षकमा रु ४ अर्ब ७ करोड (३.६५ प्रतिशत) कर्जा वक्यौता रहेको छ । समीक्षा वर्षमा सेवा क्षेत्र कर्जामध्ये वित्त, बीमा तथा अचल सम्पत्ति उपशीर्षकमा प्रवाहित कर्जामा २३ प्रतिशतले वृद्धि भएको छ भने यातायात, भण्डारण र संचार क्षेत्रमा प्रवाहित कर्जामा ९.६५ प्रतिशतले कमी आएको छ ।

**तालिका ५.११ : क्षेत्रगत सेवा कर्जा**

रकम रु. दश लाखमा

| विवरण | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | परिवर्तन प्रतिशत | क्षेत्रगत सेवा कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| यातायात, भण्डारण र संचार | ४७५८.२२ | ४२९९.१८ | -९.६५ | ३.८५ |
| थोक तथा खुद्रा विक्रेता | ६२८७६.७२ | ५८६६१.८५ | -६.७० | ५२.५८ |
| वित्त, बिमा तथा अचल सम्पत्ति | १६७७३.६७ | २०६३१.९९ | २३.०० | १८.४९ |
| पर्यटन | २३७६०.७७ | २३८९३.०८ | ०.५६ | २१.४२ |
| अन्य सेवा | ३४७०.५० | ४०७२.०१ | १७.३३ | ३.६५ |
| **कुल सेवा कर्जा** | १११६३९.८९ | १११५५८.१० | -०.०७ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.८ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम समीक्षा वर्षमा गण्डकी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा ५१.५१ प्रतिशतले कमी भई कुल रु. ८ अर्ब ४ करोड रहेको छ । गत वर्ष गण्डकी प्रदेशमा कुल रु. १६ अर्ब ५९ करोड यस्तो कर्जा प्रवाह भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जाको ३९.८ प्रतिशत कास्की जिल्लामा प्रवाह भएको छ भने सबैभन्दा कम मनाङ जिल्लामा ०.२ प्रतिशत प्रवाह भएको छ ।

## तालिका ५.१२ : सहुलियतपूर्ण कर्जा

रु. दश लाखमा

| जिल्ला | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | परिवर्तन प्रतिशत | जिल्लागत हिस्सा |
|---|---|---|---|---|
| गोरखा | ७३२.५५ | ३६४.१८ | -५०.२९ | ४.५ |
| मनाङ | ३२.३३ | १८.९७ | -४१.३१ | ०.२ |
| मुस्ताङ | १६४.६२ | ८५.६३ | -४७.९८ | १.१ |
| म्याग्दी | ४९८.५४ | २३९.४३ | -५१.९७ | ३.० |
| कास्की | ७,०९२.०३ | ३,२०३.८२ | -५४.८३ | **३९.८** |
| लमजुङ | ७९८.१३ | ४१८.०२ | -४७.६२ | ५.२ |
| तनहुँ | २,०७८.४१ | १,०५३.६६ | -४९.३० | १३.१ |
| नवलपरासी (पूर्व) | २,९०१.३२ | १,५९४.१२ | -४५.०६ | १९.८ |
| स्याङ्जा | १,१०१.५६ | ५०३.९६ | -५४.२५ | ६.३ |
| पर्वत | ४५५.८८ | २३८.२५ | -४७.७४ | ३.० |
| बाग्लुङ | ७४४.३२ | ३२९.२२ | -५५.७७ | ४.१ |
| **जम्मा** | **१६,५९९.६९** | **८,०४९.२७** | **-५१.५१** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.९ सहकारी

अध्ययनमा समावेश सहकारी संस्थाहरूको पूँजी २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा ०.६९ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब २१ करोड ८८ लाख ९० हजार पुगेको छ । उक्त अवधिमा छानिएका १० सहकारी संस्थाहरूबाट यस प्रदेशमा सकंलन भएको निक्षेप १.३० प्रतिशतले ह्रास भई रु. १३ अर्ब ८ करोड ४४ लाख कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत १०.८५ प्रतिशतले वृद्धि भएको थियो । उपरोक्त सहकारी संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित कर्जा २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तसम्ममा ४.१८ प्रतिशतले कमी आई रु. ११ अर्ब १६ करोड ८६ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जामा २.२८ प्रतिशतले ह्रास आएको थियो । अध्ययनमा समावेश गरिएका सहकारीमा सदस्य संख्या ४.९८ प्रतिशतले वृद्धि भई १ लाख ९९ हजार ३७६ पुगेका छन् भने कर्मचारी सङ्ख्यामा ३.०८ प्रतिशतले ह्रास भई ४ सय ४० रहेका छन् ।

## तालिका ५.१३ : सहकारी सेवा

| विवरण | २०८१ असार मसान्त | २०८२ असार मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पूँजी (रु.दश लाखमा) | ३,१९६.८७ | ३,२१८.८९ | ०.६९ |
| कुल बचत (रु.दश लाखमा) | १३,२५७.११ | १३,०८४.४० | -१.३० |
| कुल ऋण (रु.दश लाखमा) | ११,६५६.०६ | ११,१६८.६० | -४.१८ |
| सदस्य संख्या | १८९,९१२ | १९९,३७६ | ४.९८ |
| कर्मचारी संख्या | ४५४ | ४४० | -३.०८ |

*स्रोतः अध्ययनमा समावेश गरिएका सहकारी ।*

## ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना

### ५.१०.१ चुनौतीहरू

१. प्रादेशिकरुपमा पर्यटक आगमनको तथ्याङ्क थप व्यवस्थित बनाउने, लेक लाग्ने (High Altitute Sickness) र उच्च हिमाली क्षेत्रमा अचानकरुपमा मौसममा आउने प्रतिकुलतावाट पर्यटकलाई तत्काल उद्धार गर्ने कार्य तथा गुणस्तरीय सुचना प्रविधि र पर्यटकीय पूर्वाधारको निर्माण थप व्यवस्थित एवम् भरपर्दो बनाउने कार्य ।

२. स्वास्थ्य सेवा उपभोग गर्ने विरामीहरुको चाप बढ्दै जानु तथा निजी तथा सरकारी/सामुदायिक अस्पतालको स्तरोन्नति गर्ने कार्य ।

३. यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने कार्य ।

४. १०+२ अध्ययनपछिको उच्च शिक्षा अध्ययनका लागि दिनप्रतिदिन विद्यार्थी विदेशिने क्रमले गर्दा शैक्षिक संस्थामा विद्यार्थीको संख्या घट्दै गएकोले ती संस्थाहरुको दिगोपन ।

५. शहरी क्षेत्रबाहिरका ग्रामीण अस्पतालमा विशेषज्ञ तथा दक्ष जनशक्तिको व्यवस्था र दुर्गम स्वास्थ्य संस्थामा जनशक्तिको उपलब्धता गराउने कार्य ।

### ५.१०.२ सम्भावनाहरू

१. गण्डकी प्रदेश सरकारको आ.व. २०८२/८३ को बजेटले धेरैभन्दा धेरै पर्यटक भित्र्याउने लक्ष्य सहित साइक्लिङ्ग मार्फत पर्यटन प्रवर्द्धन गर्नका लागि मुस्ताङको जोमसोम, तनहुँको बन्दीपुर र पोखारामा लेक टु लेक साइक्लिङ मार्ग निर्माण, हिमाल आरोहण सम्बन्धी जनशक्ति उत्पादनका लागि तालिम र हिमाल आरोहण गर्ने प्रदेशवासीलाई प्रोत्साहन तथा सम्मान गर्ने, पोखरा जाऔं प्रकृति र संस्कृतिसँग रमाऔं लगायतका कार्यक्रम समेटिनुले पर्यटन प्रवर्द्धनान थप योगदान पुग्ने सम्भावना रहेको छ ।

२. नेपाल सरकारले कास्की जिल्लाको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेको छ । साथै, गण्डकी प्रदेश आफैमा उत्कृष्ट पर्यटकीय गन्तव्य भएकाले सुविधासम्पन्न होटल तथा लज लगायत अन्य पर्यटन सम्बन्धी व्यवसाय थप विस्तार हुने सक्ने सम्भावना छ । त्यस्तै, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा संचालनमा आइसकेको पोखरा जोडिने सडकको स्तरोन्नति र निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको हुँदा प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा विस्तार हुँदै जाने सम्भावना रहेको छ ।

३. उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकोले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकाले भारतीय र चिनिया पर्यटकको आगमनमा उल्लेख्य वृद्धि हुने सम्भावना रहनुका साथै नेपाली कृषि तथा औद्योगिक उत्पादनलाई समेत सहजै निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

४. यस प्रदेशको सबै स्थानीय तहहरूमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेको साथै बैक तथा वित्तीय संस्थाले वित्तीय साक्षरताको कार्यक्रमलाई प्रभावकारी बनाउदै लगेकाले वित्तीय पहुँच थप विस्तार भई विद्युतिय माध्यमको प्रयोगमा बढोत्तरी हुँदैजाने सम्भावना रहेको छ ।

५. यस प्रदेशमा रहेको गण्डकी विश्वविद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन/अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न सके तथा मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेजमा बाह्य मुलुकहरूबाट समेत विद्यार्थी आकर्षित गर्न सकेमा यस प्रदेशमा शैक्षिक क्षेत्रको विकास गर्न सक्ने सम्भावना रहेको छ ।

६. मध्य पहाडी लोकमार्गको निर्माणसँगै सो मार्ग छेउछाउका समथर वस्तीमा होटल, रेष्टेरेन्ट लगायत साना उद्यम व्यवसायको विस्तार भई ग्रामिण उत्पादनले सहज बजार पाउन सक्ने र ग्रामीण क्षेत्रमा कृषि उत्पादन बढाउन सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाको प्रगति विवरण, पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावनाहरू समावेश गरिएको छ । साथै, गण्डकी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको अवस्था तथा रोजगारीका समस्या र चुनौतीको विश्लेषण समावेश गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ राष्ट्रिय गौरवका आयोजनाहरू

**(क) कालीगण्डकी करिडोर** : कुल ४९५ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २९३ कि.मी. र जोमसोम-कोरला खण्ड २०२ कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । यस करीडोरको समीक्षा बर्षसम्म बेनी जोमसोम खण्डको भौतिक प्रगति करिब ८७ प्रतिशत र वित्तीय प्रगति करिब ८३ प्रतिशत रहेको छ । त्यसैगरी, मालढुङ्गा-गैंडाकोट खण्डमा करिब ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने वित्तीय प्रगति ७० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको अनुमानित लागत रु. ४० अर्ब २० करोड रहेको छ । यस आयोजनामा हाल पुल निर्माण, सडक कालोपत्रे तथा बेली ब्रिज निर्माण गर्ने कार्य भइरहेको छ । आयोजनामा कमजोर भौगोलिक धरातलको कारण अत्यधिक पहिरो तथा नदी कटान, सडक विभागको स्वीकृति नलिई शाखा सडक खोल्ने तथा खन्ने कार्य, मुआब्जा वितरण कार्यमा समस्या, स्थानीय सामग्रीको प्रयोगमा अवरोध तथा सरोकारवाला निकायहरूसँगको समन्वयमा कमी जस्ता समस्याहरू देखिएका छन् । आयोजनाबाट २०८२ असार मसान्तमा ३ हजार ५५ जनाले रोजगारी प्राप्त गरेका छन् ।

**(ख) बुढीगण्डकी जलविद्युत आयोजना** : गोरखा जिल्लामा निर्माण गरिने १२०० मेगावाट क्षमताको जलाशययुक्त यस जलविद्युत आयोजनाको शुरु आर्थिक वर्ष २०६९/७० बाट भएको भएतापनि हालसम्म करिब १६.५५ प्रतिशतमात्र भौतिक प्रगति भएको छ भने करिव १०.८० प्रतिशत वित्तीय प्रगति भएको छ । हालसम्म बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको केन्द्रिय तथा फिल्ड कार्यालयको स्थापना भएको, आयोजनाको लागि आवश्यक वित्तीय व्यवस्थापन गर्न विभिन्न विकल्पमा आवश्यक छलफल, निर्माण कार्य पूर्व तयारीका कार्य तथा मुआब्जा वितरणको कार्य भईरहेको छ । यस आयोजना निर्माणका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापन समयमै नभएकोले निर्माण कार्य शुरु गर्न ढिलाई भएको, मुआब्जा निर्धारण र वितरण सम्बन्धी कार्यमा जटिलता तथा डुवान प्रभावितको पुनर्स्थापना कार्यको मोडालिटी तयार गरी कार्य प्रारम्भ गर्न ढिलाई जस्ता समस्याहरु रहेका छन । यस आयोजनामा हाल १२ जना कर्मचारी कार्यरत रहेका छन् ।

**(ग) तनहुँ जलविद्युत आयोजना** : तनहुँ जिल्लामा नेपाल विद्युत प्राधिकरणले कुल ५० करोड ५० लाख अमेरिकी डलर लागतमा निर्माण गरेको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्मको भौतिक प्रगति ६७ प्रतिशत र वित्तीय प्रगति ६२ प्रतिशत रहेको छ । हाल आयोजनामा बाँध, पावरहाउस र प्रशारण लाईन जस्ता निर्माण कार्य भइरहेका छन् भने यस आयोजनाले ट्रान्समिसन लाइन विस्तारका

क्रममा रुख कटान तथा जग्गाको मुआब्जा वितरणमा जटिलता जस्ता समस्या भोगिरहेको छ। हाल यस आयोजनाले कुल १२०७ जनालाई रोजगारी दिएको छ।

(घ) **मध्य पहाडी लोकमार्ग :** यस आयोजना अर्न्तगत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने १०८ कि.मि. सडक निर्माणको ७७ प्रतिशत कार्य सम्पन्न भएको छ । हाल यस आयोजनामा Structural works, Gravel, Base, Blacktop Works and Bio Engineering Works को कार्य भइरहेको छ । लोकमार्गको निर्माण कार्य आर्थिक वर्ष २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएतापनि जग्गाको मुआब्जा, रुख कटानी, आर्थिक मन्दीका कारण निर्माण व्यवसायीको उदासिनता र नदीजन्य निर्माण सामाग्रीको उत्खनन्मा समस्या जस्ता कारणले गर्दा निर्माण सम्पन्न हुने समयावधि २०८४ असार मसान्तसम्म पुग्ने देखिएको छ । आयोजनाको यस खण्डको वित्तीय प्रगति ७५.२७ प्रतिशत रहेको छ भने हाल यस आयोजनाले ७०० जनालाई रोजगारी दिएको छ।

लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २५० कि.मि.मध्ये ८२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। यस खण्डको कुल २५० कि.मि. मध्ये २०५ कि.मि. सडक कालोपत्रे भैसकेको तथा हाल कास्की र बाग्लुङ जिल्लामा गरेर ३३ कि.मि. सडक कालोपत्रे गर्ने कार्यको लागि स्ट्रक्चरको निर्माण कार्य भैरहेको छ । यस आयोजना अन्तर्गत कास्की जिल्लाको अर्मलाकोट जौबारी १२ कि.मि. खण्डमा रेखाङ्कन विवादका कारण निर्माण कार्य सञ्चालन हुनसकेको छैन । उक्त आयोजनाको हालसम्मको वित्तीय प्रगति ७५ प्रतिशत रहेको छ भने आयोजनाबाट कुल १०५० जनाले रोजगारी पाएका छन्।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौतीहरू

१. सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूबीच आपसी समन्वयको अभावले पूर्वाधार निर्माण समयमै सम्पन्न हुन नसक्ने चुनौती देखिएको छ।

२. जलविद्युत तथा सडक निर्माण लगायतका आयोजनाहरुमा मुआब्जा वितरणमा समस्या, दक्ष कामदारको अभाव, रुख कटान कार्यमा समस्या, स्थानीयको विवाद, राजनैतिक अस्थिरता, भौगोलिक विकटता इत्यादि कारणले निर्धारित लागत र समयमै निर्माण कार्य सम्पन्न गर्न चुनौती देखिएको छ।

३. ठूला पूर्वाधार निर्माणका लागि भु-धरातल र प्राविधिक जटिलताले गर्दा लागत संरचना तुलनात्मक रुपमा अधिक देखिने हुँदा सार्वजनिक क्षेत्रको लगानीले मात्र प्रयाप्त हुन नसक्ने अवस्थामा नीजि क्षेत्रलाई लगानीका लागि आकर्षित गर्ने कार्य चुनौतीपूर्ण छ।

४. भौगोलिक, वित्तीय र वातावरणीय सम्भावना नदेखिएका ग्रामीण बस्तीको व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।

### ६.२.२ सम्भावनाहरू

१. गण्डकी प्रदेशमा हाल १२०० मेगावाट बुढीगण्डकी जलविद्युत आयोजनासहित ३००० मेगावाट भन्दा धेरै क्षमताका आयोजना निर्माणाधीन अवस्थामा रहेको परिप्रेक्ष्यमा अन्तरदेशीय प्रसारण लाइनको निर्माण हुनु तथा नेपाल सरकार र भारत सरकार तथा बंगलादेश सरकारबीच नेपालवाट बिद्युत निर्यात गर्ने समझदारी हुनुले जलविद्युत क्षेत्रको विस्तारमा सम्भावना थपेको छ।

२. मुस्ताङ जिल्लामा सौर्य तथा वायु ऊर्जाको प्रचुर सम्भावना भएकोले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु ऊर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

३. गण्डकी प्रदेशमा निर्माणाधीन कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग जस्ता राष्ट्रिय गौरवका सडकहरुको निर्माण कार्य सम्पन्न गर्न सकेमा यस प्रदेशको आर्थिक, व्यापारिक एवम् सामाजिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको छ ।

४. एशियाली विकास बैंकसँग ऋण सम्झौता भई पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई चार लेनमा स्तरोन्नति गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको हुँदा यस प्रदेशमा व्यापार व्यवसायका लागि ढुवानी सेवा र यात्राका लागि समेत सहज हुने भएकोले व्यापार व्यवसाय र पर्यटकीय गतिविधि थप चलायमान हुने सम्भावना रहेको छ ।

## ६.३ रोजगारी

गण्डकी प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८१/८२ को फागुनसम्ममा प्रदेश सरकार मातहत दर्ता भएका उद्योगहरु ६८ हजार १ सय ४९ रहेका छन । जसमध्ये साना उद्योग ६८ हजार १ सय ४०, मझौला उद्योग ८ र ठुला उद्योग १ रहेका छन । यी उद्योगमा महिला ८६ हजार ७ सय १८ र पुरुष ५२ हजार ९ सय ६६ गरी कुल १ लाख ३९ हजार ६ सय ८४ जनाले रोजगार प्राप्त गरेको छन् ।

यस प्रदेशमा रहेका ८५ स्थानीय तहमध्ये ५९ ले आर्थिक वर्ष २०८१/८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । सो अन्तर्गत सञ्चालित ७ सय ८९ आयोजनामार्फत् कुल ४ सय ४५ जनाले औसतमा ४८ दिन रोजगारी पाएका छन् । यस कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशमा कुल २१ हजार २ सय ६७ दिन रोजगारी पाएका छन् ।

**तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण**

| विवरण | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ फागुनसम्म |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ८२ | ८५ | ५९ |
| आयोजना संख्या | १५८४ | १०१८ | ७८९ |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | ७४२८ | ७२१ | ४४५ |
| रोजगार औसत दिन | ७६ | ५५.२४ | ४८ |
| जम्मा रोजगार दिन | ५६५५७५ | ३९८३१ | २१२६७ |

*स्रोतः गण्डकी प्रदेश, आर्थिक सर्वेक्षण २०८१/८२*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### ६.४.१ चुनौतीहरू

१. विश्वसनीय व्यवसायिक वातावरण बनाई बैदेशिक रोजगारीबाट फर्केका युवाको सीप र पुँजीलाई उत्पादनमा जोड्दै प्रदेशको समग्र बिकासमा लगाउने कार्य चुनौतीको रुपमा रहेको छ ।

२. सम्मानजनक रोजगारी सिर्जना गर्नु, न्यायोचित पारिश्रमिकको व्यवस्था सुनिश्चित गर्नु र औपचारिक रोजगारीलाई सामाजिक सुरक्षा सञ्जालमा आवद्ध गराउनु चुनौतीको रुपमा रहेको छ ।

३. स्थानीयस्तरमा श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्ने तथा कृषि, पशुपालन जस्ता पेशा/व्यवसायबाट हुने उत्पादनको सहज बजारीकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ६.४.२ सम्भावनाहरू

१. नेपाल सरकारको आ.व. २०८२/०८३ को बजेट वक्तव्यमा बेरोजगारीको समस्या दिगो रुपमा समाधान गर्न श्रम बजारको माग अनुरुप युवा जनशक्तिको सीप र दक्षता विकासका लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन, रोजगार पोर्टल सञ्चालन तथा सबै प्रदेशमा रोजगारमेला सञ्चालन गरिने व्यवस्थाको प्रभावकारी कार्यान्वयनले स्वदेशमै रोजगारीको सम्भावना रहेको छ ।

२. नेपाल सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको सन्दर्भमा यस प्रदेशमा पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्न सके पर्यटन क्षेत्रमा थप रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

३. कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकीकरण गर्ने, उचित अनुदानको व्यवस्था गर्ने, बिमा दावीलाई प्रभावकारी वनाई व्यवसायिक कृषिमा जोडदिन सकिएमा स्वरोजगार प्रवर्द्धन हुने सम्भावना रहेको छ ।

**बक्स ६ (क): गण्डकी प्रदेशका प्रमुख गौरव तथा रुपान्तरणकारी आयोजना**

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | उज्यालो गण्डकी प्रदेश कार्यक्रम (लघु जलविद्युत निर्माण तथा मर्मत कार्य ) | ८६ | ८३ |
| २ | उज्यालो गण्डकी प्रदेश कार्यक्रम (राष्ट्रिय प्रसारण लाईन विस्तार कार्य ) | ८९.४९ | ५९.५९ |
| ३ | एक घर एक धारा खानेपानी | ६०.६६ | ४५.५१ |
| ४ | प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना (नवलपरासी पूर्व र कास्कीको पोखरा म.न.पा) । | DPR सम्पन्न भएको, वातावरणीय अध्ययन अन्तिम चरणमा रहेको । | |
| ५ | मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम | ९० | ८०.०६ |
| ६ | फेवाताल संरक्षण र सौन्दर्यकरण आयोजना । | ९० | ८९.०६ |
| ७ | जग्गा चक्लाबन्दी सहयोग कार्यक्रम | ७३.२६ | ७०.२६ |
| ८ | एक निर्वाचन क्षेत्र एक सडक आयोजना | ८५.१४ | ७९.९ |
| ९ | पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्वार केन्द्र | ७० | ६२.४९ |
| १० | स्थानीय तहका केन्द्र जोड्ने कार्यक्रम | ७५.३२ | ७१.१९ |
| ११ | स्याउ विशेष आयोजना (मुस्ताङ जिल्लामा) | ७८ | ६९.९३ |

*स्रोत: आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

**बक्स ६ (ख): गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू**

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कालिगण्डकी कोरिडोर बेनी - जोमसोम | ८७ | ८३ |
| २ | कालिगण्डकी कोरिडोर मालढुंङ्गा - गैडाकोट | ८० | ७० |
| ३ | बुढिगण्डकी जलविद्युत आयोजना | १६.५५ | १०.८० |
| ५ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग कास्की - बाग्लुङ्ग | ८२ | ७५ |
| ६ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग गोरखा खण्ड | ७७ | ७५.२७ |
| ७ | तनहुँ हाईड्रोपावर लिमिटेड | ६७ | ६२ |

*स्रोत: सम्बन्धित आयोजना कार्यालय, गण्डकी प्रदेश ।*

# परिच्छेद ७

# प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ । यस अन्तर्गत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ ।

## ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम

### ७.१.१ आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८१/८२ का लागि गण्डकी प्रदेश सरकारले कुल रु. ३२ अर्ब ९७ करोड बजेट विनियोजन गरेकोमा गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयका अनुसार बि.सं. २०८२ असार मसान्तसम्म विनियोजनको ६९.५० प्रतिशत अर्थात रु. २२ अर्ब ९२ करोड खर्च भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विनियोजित बजेटको ६६.५८ प्रतिशत खर्च भएको थियो ।

**तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति**


*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम | | असार मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| **बजेट** | **३३४२.७२** | **३२९७.८५** | **२२२५.४७** | **२२९२.०७** | **६६.५८** | **६९.५०** |
| चालु खर्च | १२७३.६७ | १३१६.०५ | ७६२.३४ | ७९२.७५ | ५९.८५ | ६०.२४ |
| पुँजीगत खर्च | २०१९.०५ | १९५१.८० | १४६३.१३ | १४९९.३३ | ७२.४७ | ७६.८२ |
| वित्तीय व्यवस्था | ५० | ३० | ० | ० | ०.०० | ०.०० |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

आर्थिक वर्ष २०८१/८२ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१३ अर्ब १६ करोड ५ लाख मध्ये ६०.२४ प्रतिशत (रु. ७ अर्ब ९२ करोड ७५ लाख) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष चालु खर्च शीर्षकमा विनियोजित रकमको ५९.८५ प्रतिशत खर्च भएको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु. १९ अर्ब ५१ करोड ८० लाखमध्ये २०८२ असार मसान्तसम्म ७६.८२ प्रतिशत (रु. १४ अर्ब ९९ करोड ३३ लाख) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष पुँजीगत खर्च शीर्षकमा विनियोजनको ७२.४७ प्रतिशत खर्च भएको थियो ।

**चार्ट : ७.१ गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति (रु. करोडमा)**




*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश*

**तालिका ७.२ : गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति**

*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम | | असार मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| राजस्व | १७६२.३२ | १८१९.५० | ११४५ | १३६३ | ६४.९७ | ७४.९१ |
| संघीय सरकारबाट प्राप्त अनुदान | १४१०.४० | १३०८.३६ | १२१३.०५ | ११११.३८ | ८६.०१ | ८४.९४ |
| समानीकरण अनुदान | ७६२.२५ | ७६३.८८ | ५६४.९ | ७००.९३ | ७४.११ | ९१.७६ |
| सशर्त अनुदान | ४९४.१५ | ३५९.९३ | ४९४.१५ | २३८.४० | १००.०० | ६६.२४ |
| विशेष अनुदान | ७० | ६५.५५ | ७० | ५९ | १००.०० | ९०.०१ |
| समपूरक अनुदान | ८४ | ११९ | ८४ | ११३.०५ | १००.०० | ९५ |
| आन्तरिक ऋण | १७० | १७० | ० | ० | ०.०० | ०.०० |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म १३ अर्ब ६३ करोड राजश्व संकलन गरको छ । आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु. १३ अर्ब ८ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा ८४.९४ प्रतिशत अर्थात कुल रु. ११ अर्ब ११ करोड अनुदान प्राप्त गरेको छ ।

### ७.१.२ आर्थिक वर्ष २०८२/८३ को बजेट

| बक्स ७ (क) : आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेश सरकारको बजेटका प्राथमिकता |
| --- |
| (क) दिगो र उत्थानशील पूर्वाधार निर्माण, |
| (ख) दक्ष र प्रविधिमैत्री मानव पुँजी निर्माण |
| (ग) सामाजिक न्याय र समतामूलक समाजको स्थापना, |
| (घ) सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षा, |
| (ङ) सन्तुलित क्षेत्रगत विकास, र तहगत सहकार्य |
| (च) गुणस्तरीय सेवा प्रवाह र सुशासन |

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेटका ५ उद्देश्यहरू रहेका छन् : (क) दिगो आर्थिक वृद्धि मार्फत रोजगारी र आय वृद्धि गर्नु (ख) गुणस्तरीय र आधुनिक पूर्वाधार विकास गर्नु, (ग) आधुनिक प्रविधिमा दक्ष र उत्पादनशील मानव पुँजी निर्माण गर्नु, (घ) सामाजिक न्याय र समुन्नती हासिल गर्नु, (ङ) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह मार्फत् सुशासन अभिवृद्धि गर्नु ।

बजेटका उपरोक्त उद्देश्य हासिल गर्न प्रदेश सरकारले रु. ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार को अनुमानित बजेट पेश गरेको छ । यो रकम गत वर्षको विनियोजन भन्दा करिब ३ प्रतिशतले कम रहेको छ । यसमध्ये चालुतर्फ कुल विनियोजनको ३९.५ प्रतिशत (रु. १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार), पुँजीगत तर्फ ५९.७० प्रतिशत (रु. १९ अर्ब ९ करोड ३३ लाख २४ हजार) र वित्तीय व्यवस्था तर्फ ०.८० प्रतिशत (रु. २५ करोड) रहेको छ ।

गण्डकी प्रदेश सरकारले आ.व. २०८२/८३ को विनियोजित बजेटको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारको राजस्व बाँडफाँटबाट रु. ९ अर्ब ७९ करोड २९ लाख, रोयल्टी बाँडफाँडबाट रु. ४९ करोड ८९ लाख र प्रदेशको राजस्व परिचालनबाट आन्तरिक राजस्व रु. ५ अर्ब ४५ करोड गरी १५ अर्ब ७४ करोड १८ लाख प्राप्त हुने अनुमान गरेको छ । साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात रु. २ अर्ब २४ करोड ५० लाख ९४ हजार नगद मौज्दात बचत हुने अनुमान गरिएको छ भने न्यून हुने रु. १ अर्ब ७५ करोड आन्तरिक ऋणबाट पूर्ति गरिने व्यवस्था मिलाइएको छ ।

आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेश सरकारले संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानबाट रु. ७ अर्ब ७३ करोड ८९ लाख, सशर्त अनुदानबाट रु. ३ अर्ब ३५ करोड ६४ लाख, समपूरक अनुदानबाट रु. ६३ करोड ९७ लाख र विशेष अनुदानबाट रु. ४९ करोड ८६ लाख प्राप्त गर्ने अनुमान गरिएको छ ।

## ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम

गण्डकी प्रदेशमा ५८ गाउँपालिका, २६ नगरपालिका र १ महानगरपालिका गरी जम्मा ८५ स्थानीय तहहरू रहेका छन । आ.व. २०८१/८२ मा गण्डकी प्रदेशका पाँच स्थानीय तह (पोखरा महानगरपालिका, व्यास नगरपालिका, गोरखा नगरपालिका, पुतलीबजार नगरपालिका, कावासोती नगरपालिका) ले चालु, पुँजीगत, वित्तीय व्यवस्था तथा अन्य खर्च गरी कुल रु. १२ अर्ब ८४ करोड बजेट विनियोजन भएकोमा विनियोजित बजेटमध्ये चालु खर्च ८७.४ प्रतिशत, पूँजीगत खर्च ६०.७ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ९७.९ गरी कुल ७३.४ प्रतिशत मात्र खर्च गरेका छन् । प्रदेशस्थित एक मात्र पोखरा महानगरपालिकाले आ.व. २०८१/८२ मा रु. ७ अर्ब २५ करोड ३२ लाख ८३ हजार बजेट विनियोजन गरेको थियो जुन गत बर्षको तुलनामा २.४५ प्रतिशतले बढी हो ।

## ७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम

गण्डकी प्रदेश सरकारले कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ जारी गरी "व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम" ल्याइएको थियो । नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमार्फत् सञ्चालनमा ल्याइएको उक्त कर्जा कार्यक्रममा १६ वाणिज्य बैंक र ४ विकास बैंक संलग्न रहेका थिए ।

कोभिड-१९ का कारण समस्यामा परेका उद्यम/व्यवसाय जोगाउन, टिकाउन निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयसँग सम्झौता भएका बैंक तथा वित्तीय संस्थाले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका व्यवसायलाई रु. ५० हजार देखि रु. १५ लाखसम्म कर्जा प्रवाह गर्ने व्यवस्था रहेको थियो । उक्त कर्जामा बैंकले अघिल्लो त्रयमासमा प्रकाशित आधार दरमा अधिकतम ३ प्रतिशतसम्म थप गरी ब्याजदर कायम गर्नुपर्ने प्रावधान रहेको थियो । साथै, गण्डकी प्रदेश सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंकमार्फत कर्जाको ब्याज शोधभर्ना उपलब्ध गराउने र ऋणीले कर्जाको साँवामात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको थियो ।

उक्त कार्यविधि बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्झौता गरेका बैंक तथा वित्तीय संस्थाले गण्डकी प्रदेशका ११ जिल्लामा कर्जा प्रवाह गरेका थिए । सो सम्झौता बमोजिम प्रवाह भएको कुल कर्जा लगानी रकमका आधारमा हेर्दा कास्की जिल्लामा सबैभन्दा बढी अर्थात् ४४.५० प्रतिशत र तनहुँ जिल्लामा १०.७० प्रतिशत लगानी रहेको थियो भने अन्य जिल्लामा १० प्रतिशतभन्दा कम लगानी रहेको थियो । उक्त कार्यविधि अन्तर्गत रु.१ अर्ब ८१ करोड २९ लाख कर्जा प्रवाह भएको थियो । मिति २०८१ मंसिर मसान्तदेखि कर्जाको अवधि समाप्त भई प्रदेश सरकारको नेपाल राष्ट्र बैंकस्थित ब्याज शोधभर्ना खाताको हिसावमिलान समेत गरिसकिएको छ ।

# परिच्छेद ८

# आर्थिक परिदृश्य

## समग्र आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमासमा मधेस प्रदेशमा मनसुन ढिला भएकोले धान खेती लगायत समग्र वर्षे बाली प्रभावित भएकोले कृषि उत्पादनको वृद्धिदरमा केही नकारात्मक असर परेको छ । त्यसैगरी भदौ २३ र २४ मा जेन्जी आन्दोलनको क्रममा सरकारी तथा निजी क्षेत्रमाथि भएको तोडफोडले अर्थतन्त्रमा केही क्षति भएको छ । तत्पश्चात् तत्काल बनेको नयाँ सरकारले शान्ति-सुरक्षा कायमलाई जोड दिएको, पुनर्निर्माण कार्यलाई प्रोत्साहित गर्न सहुलियतको व्यवस्था गरेको, सुशासन र संस्थागत सुधारलाई प्राथमिकतामा राखेको र आन्दोलनबाट प्रभावित व्यवसाय सञ्चालनको लागि राहत तथा सुविधाको व्यवस्था गरेकोले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दै गएको छ । समग्र अर्थतन्त्रमा परेको प्रभावबाट गण्डकी प्रदेशको आर्थिक गतिविधि पनि प्रभावित भएको छ ।

यस प्रदेशका कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरूसँग गरिएको प्रश्नावली, सर्वेक्षण, छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०८२/८३ मा कृषि उत्पादन र सेवा व्यवसायमा सामान्य कमी आउने देखिन्छ भने उद्योगहरूको उत्पादनमा भने केही वृद्धि हुने अनुमान रहेको छ ।

## ८.१ कृषि उत्पादन

गण्डकी प्रदेशस्थित कृषि ज्ञान केन्द्रहरुबाट प्राप्त प्रारम्भिक अनुमानअनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा सामान्य कमी हुने अनुमान गरिएको छ । खासगरी मनसुन ढिला भएका कारणले धान उत्पादनमा संकुचन आउने देखिन्छ भने बाँदरले वाली नष्ट गर्ने तथा अमेरिकन फौजी किराको प्रकोपको कारणले मकै खेतीमा सामान्य कमी हुने अनुमान गरिएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट प्राप्त जानकारी अनुसार गाईवस्तुमा देखापरेको लम्पी स्किन रोग, पशुआहारमा भएको मुल्यवृद्धि, दुधको अस्थिर बजार, समयमै दुग्धजन्य पदार्थको कृषकले भुक्तानी नपाउने समस्या इत्यादि कारणले दुध उत्पादन घट्ने अनुमान गरिएको छ । साथै, अफ्रिकन स्वाइन फ्लुको प्रभावले बंगुरपालन व्यवसाय धरासायी तथा कुखुराको चल्ला र दानामा अत्याधिक मुल्यवृद्धिले कुखुरापालन व्यवसाय घट्दै गइरहेको सन्दर्भमा समग्र मासु उत्पादनमा सामान्य कमी हुने अनुमान गरिएको छ । व्यवसायिक रुपमा माछापालन व्यवसाय बढ्दै गइराखेकोले माछा उत्पादन तथा कुखुरापालनमा वृद्धि आएसँग अण्डा उत्पादनमा केही वृद्धि हुने देखिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

गण्डकी प्रदेश स्थित समीक्षा वर्षमा गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग गतवर्षको सोही अवधिको तुलनामा झिनो प्रतिशतले (०.०३ प्रतिशत) कमी आए तापनि आगामी अवधिका लागि उत्पादनको परिदृश्य सकारात्मक देखिएको छ । खासगरी चाउचाउ, चकलेट, पेय पदार्थ, औषधी लगायतका वस्तुहरुको उत्पादनमा वृद्धि हुने देखिन्छ भने सरकारको पुँजीगत खर्च प्रभावकारीरुपले नभएको, बैदेशिक रोजगारमा गएका युवा विदेशतिरै बस्ने प्रवृत्ति हावी हुँदा व्यक्तिगत घर निर्माणमा कमी आएको, विद्युत आपुर्तिमा समस्या जस्ता कारणहरुले सिमेण्ट उत्पादन यथावतै रहने अनुमान रहेको छ ।

## ८.३ सेवा क्षेत्र

यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटक आउने क्रम बढ्दै गएको, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको, पर्यटकीय पूर्वाधारमा सुधार तथा नेपाल सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा समेत गरेको हुँदा आगामी दिनमा पर्यटक आगमनमा उत्साहप्रद वृद्धि हुने देखिएको छ । तथापि, २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको कारण होटल बुकिङ उल्लेख्यरुपमा घटेको कारण वाह्य पर्यटनमा भने कमी आउने सम्भावना रहेको छ । साथै, शिक्षा क्षेत्रमा (१०+२) को अध्ययन पश्चात् विदेश पढ्न जाने प्रवृत्ति बढ्दै गएसँगै विद्यार्थीहरुको संख्यामा उल्लेख्य कमी हुदै जाने अनुमान गरिएको छ ।

बैकिङ क्षेत्रमा देखिएको उच्च तरलतासँगै ब्याजदरमा आएको कमीले यस प्रदेशमा कर्जाको माग बढ्ने तथा विप्रेषणमा उल्लेख्य वृद्धि भएकोले निक्षेपमा पनि वृद्धि हुने देखिएको छ । तथापि अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले व्यापार व्यवसाय, निर्माण इत्यादि क्रियाकलापहरुमा कमी भई बैक वित्तीय संस्थाहरुको कर्जा व्यवस्थापन थप असहज हुने अनुमान गरिएको छ ।

## ८.४ पूर्वाधार क्षेत्र

यस प्रदेशमा निर्माण भैरहेका राष्ट्रिय गौरव र प्रदेश गौरवका आयोजनाहरुमा पूर्वाधार निर्माणको सन्दर्भमा बजेट समयमा प्राप्त नहुनु, रुख कटानी, मुआब्जा वितरणमा समस्या, नदीजन्य निर्माण सामाग्री उत्खनन्मा समस्या, विद्युतीय तथा खानेपानीका संरचना स्थानान्तरणमा स्थानीय अवरोध, अनाधिकृत रुपमा सडक खोल्नु, भौगोलिक विकटता, बाढी पहिरो तथा नदी कटान, आयोजनाको लगानी ढाँचा स्वीकृत हुन नसकी वित्तीय व्यवस्थापनमा समस्या इत्यादि समस्याहरुले गर्दा निर्माण सम्पन्न हुने समयावधि र लागत क्रमशः बढ्दै जाने अनुमान रहेको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट केही वायुसेवा कम्पनीहरुले अन्तर्राष्ट्रिय उडानको तयारी गरेको भएतापनि विमानस्थलको प्रभावकारी रुपमा सञ्चालन अझै चुनौतीपूर्ण देखिएको छ ।